# संक्रमणकालीन न्याय
# अन्तर्राष्ट्रिय अभ्यासको
# तुलनात्मक अध्ययन

(नेपालको सन्दर्भ समेत)





सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

काठमाडौं, नेपाल

# भूमिका

नेपालमा वि.सं.२०५२ देखि शुरू भएको सशस्त्र सशस्त्र द्वन्द्व अन्त्यको घोषणा गर्दै नेपाल सरकार र तत्कालीन विद्रोही पक्ष माओवादीका बिचमा वि.सं.२०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो । सशस्त्र द्वन्द्वका क्रममा सरकारी र विद्रोही पक्षबाट भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा मानवता विरूद्धका अपराध सम्बन्धी घट्ना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, समाजमा मेलमिलाप कायम गराइ पारस्परिक सद्भाव र सहिष्णुताको भावना अभिवृद्धि गर्ने, दिगो शान्ति तथा मेलमिलापको वातावरण निर्माण गर्ने, द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई परिपूरणको व्यवस्था गर्ने र गम्भीर अपराधमा संलग्न व्यक्तिहरूलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने उद्देश्यले सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना भएको सबैमा विदितै छ ।

यो आयोगले आफ्नो उद्देश्य अनुरूप कार्य सम्पादन गर्ने सर्न्दभमा विभिन्न कठिनाइ तथा समस्याहरूको सामना गर्न परिरहेको छ। त्यसमध्ये आयोगको म्याद थप, पदाधिकारीहरूको नियुक्ति, ऐनको संशोधन तथा परिमार्जन प्रमुख रहेका छन् । यसका अतिरिक्त सत्यको अन्वेषण र द्वन्द्वकालीन घटनाहरूको अनुसन्धान पद्धतिलाई के कसरी व्यवस्थित बनाउने विषयमा पनि अलमल देखिएको छ । यस परिप्रेक्षमा अन्य देशहरूले के कसरी द्वन्द्वको रूपान्तरण एवं दिगो शान्ति हासिल गरेका थिए भन्ने विषयमा जानकारी दिने उद्देश्यले तुलनात्मक अध्ययन प्रतिवेदन तयार भएको पाउँदा अत्यन्त खुसी लागेको छ ।

यो अध्ययन प्रतिवेदनमा अन्य मुलुकहरूले सशस्त्र द्वन्द्व र युद्धकालीन समयमा भएका घटनाहरूको सत्यतथ्य अन्वेषण गर्दै सङ्क्रमणकालीन न्याय निरूपणका लागि अवलम्बन गरिएका अभ्यासहरूलाई प्रस्तुत गर्नुका साथै सङ्क्रमणकालीन न्यायका सम्बन्धमा नेपालको सर्वोच्च अदालतले विभिन्न समयमा जारी गरेका निर्देशनात्मक आदेशहरूको समेत सुक्ष्म अध्ययन प्रस्तुत गरिएको छ ।

यो अध्ययन प्रतिवेदनले विश्वका अन्य मुलुकले संक्रमणकालीन न्याय निरूपणका सर्न्दभमा अवलम्बन गरेका उपायहरूका विषयमा जानकारी लिनका उपयोगी हुने विश्वास लिइएको छ। त्यसैगरी यो अध्ययनले नेपालको सङ्क्रमणकालीन न्याय सम्बन्धी विषयलाई निर्ष्कषमा पुऱ्याउनका लागि भावी दिनमा अवलम्बन गर्नुपर्ने विधि, प्रक्रिया एवं नीति निर्माणमा मार्ग निर्देशन गर्ने विश्वास पनि गरिएको छ ।

अन्त्यमा यो अध्ययन प्रतिवेदन तयारीको कार्यमा सहयोग पुऱ्याउने आयोगका कर्मचारी एवं सम्बन्धित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**तोयानाथ अधिकारी**
सचिव

# संक्षिप्त शब्दावलीहरूः

| | |
|---|---|
| **अन्तरिम संविधान** | नेपालको अन्तरिम संविधान, २०६३ |
| **अदालत** | नेपालका सबै तहका अदालतहरू |
| **आयोग** | सत्य निरूपण तथा मेलमिलाप आयोग |
| **ऐन** | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग, २०७१ |
| **ट्राइबुनल फौजदारी** | न्याय निरूपणका निम्ति अन्तर्राष्ट्रियस्तरमा स्थापित न्यायिक निकाय |
| **नेकपा** | नेपाल कानुन पत्रिका |
| **नि.नं** | निर्णय नम्बर |
| **बेपत्ता आयोग** | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग |
| **शान्ति सम्झौता** | नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच मिति २०६३ मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौता |
| | संक्रमणकालीन न्याय द्वन्द्वकालीन समयमा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवीय कानुन विपरीतका कार्यहरू छानबिन गरी सत्यको अन्वेषण कानुनी कारबाही र परिपूरण प्रदान गर्ने कार्य |
| **संविधान** | नेपालको संविधान |
| **सर्वोच्च अदालत** | नेपालको सर्वोच्च अदालत |

# विषयक्रम


**सारसंक्षेप** ४

## भाग– १ : अध्ययन विधि

भूमिका ७
अध्ययनको उद्देश्य तथा क्षेत्र ८
अध्ययन विधि ९
अध्ययनको सीमा, सीमा र स्रोत सामग्री १०

## भाग– २ : संक्रमणकालीन न्याय : सैद्धान्तिक अवधारणा

संक्रमणकालीन न्यायसम्बन्धी सैद्धान्तिक अवधारणा १२
संक्रमणकालीन न्यायका व्यावहारिक पक्षहरू १४

## भाग– ३ : संक्रमणकालीन न्यायसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

अन्तर्राष्ट्रिय सैनिक ट्राइबुनल १७
अन्तर्राष्ट्रिय न्यायिक ट्राइबुनल १७
मिश्रित ट्राइबुनल १९
अन्तर्राष्ट्रिय फौजदारी अदालत २३
विभिन्न देशहरूमा स्थापित संक्रमणकालीन न्यायका संयन्त्रहरू २४
अन्तर्राष्ट्रिय अनुभव र अभ्यासको निचोड ३५

## भाग– ४ : संक्रमणकालीन न्याय र सर्वोच्च अदालत

संक्रमणकालीनका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका निर्णयहरू ३७
सर्वोच्च अदालतका निर्णयहरूको समीक्षा ४२

## भाग– ५ नेपालको संक्रमणकालीन न्यायसम्बन्धी अवधारणा

नेपालमा संक्रमणालीन न्याय : परिचय ४५
संक्रमणकालीन न्यायसम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था ४५
संक्रमणकालीन न्यायसम्बन्धी प्रमुख कानुनी संयन्त्र ४५
संक्रमणकालीन न्यायसम्बन्धी संस्थागत संयन्त्र ४६
संक्रमणकालीन न्यायका सिद्धान्तहरू ४८
आयोगको काम कर्तव्य र अधिकार ४८
संक्रमणकालीन न्यायका समस्याहरू ४९

## भाग– ६ : निष्कर्ष तथा सुझाव

संक्रमणकालीन न्यायका चुनौतीहरू ५३
निष्कर्ष ५६
सुझाव ५७

**सन्दर्भ सामग्री**

# सारसंक्षेप

आन्तरिक द्वन्द्व तथा विद्रोहका कारण विश्वका विभिन्न देशहरूमा लाखौं संख्यामा मानिसहरूको जीवन तथा सम्पत्तिको विनास भएको छ भने उनीहरू आफ्नो थातथलोबाट विस्थापन हुन परेको दुःखद् अवस्थामा पनि सिर्जना भएको छ । द्वन्द्वले कानुन र व्यवस्था तथा राजनीतिक प्रणालीको स्थायित्व र मावन सभ्यताको अस्तित्व माथि नै गम्भीर संकट उत्पन्न गरिदिएको छ ।

विश्वका सबै क्षेत्र इतिहासको कालखण्डमा एक वा अर्को स्वरूपको द्वन्द्वबाट प्रभावित भएका छन् । द्वन्द्वको सिर्जनापश्चात् त्यसले सिर्जना गरेको परिस्थितिलाई शान्तिपूर्ण उपायबाट सम्बोधन गर्न सकिएमात्र समाजमा स्थायित्व र मेलमिलाप कायम हुने भएकाले द्वन्द्वपश्चात् शान्ति र स्थायित्वका लागि शान्तिपूर्ण उपायको खोजी हुनु नै उत्तम विकल्प हो । संक्रमणकालीन न्यायले विगतका अत्याचार र अमानवीय पक्षलाई सम्बोधन गर्दै शान्त र सामञ्जस्य समाजको खोजी गर्न केन्द्रित हुनपर्नेछ । यसो गर्दा विगतको सत्ताले गरेका गलत कार्यको उजागर र त्यसमा संलग्नलाई न्यायको कसीमा परीक्षण गर्नु फलामको चिउरा चपाउनुसरह नै हुनेछ । अन्तर्राष्ट्रिय अनुभवले पनि यो विषयलाई पुष्टि गरेको छ । हाम्रो आफ्नो सन्दर्भमा पनि संक्रमणकालीन न्यायको खोजी थप जटिल बन्दै गएको छ ।

राजनीतिक आवरण, सत्ताको रापताप र राजनीतिको अभिष्टका लागि विद्रोही पक्षबाट हतियारको बलमा भए गरिएका अपराध र अत्याचारलाई सम्बोधन गर्ने कार्य कुनै एउटा संस्था वा सीमित व्यक्तिहरूको भरमा मात्र सम्भव हुने विषय होइन । राष्ट्रिय राजनीतिक शक्ति, अन्तर्राष्ट्रिय समुदाय, द्वन्द्वबाट गुज्रेको समाज, द्वन्द्वबाट पीडित समुदाय र द्वन्द्वमा संलग्न सबैको सहमति, सहकार्यबिना संक्रमणकालीन न्यायले अपेक्षित नतिजा दिन सक्दैन । यो विषय एउटा संस्थाले निर्णय गर्ने र अर्कोले निःसर्त पालना गर्ने जस्तो होइन । प्रक्रियामा सहभागिता प्रक्रियाप्रतिको स्वामित्व र त्यस्तो प्रक्रियाले तय गरेको नतिजाको (निर्णय) सर्वसम्मत स्वीकरण नै संक्रमणकालीन न्यायको सफलता हो । यो पक्ष चुनौती र समस्याले भरिएको छ ।

मानव अधिकार उल्लंघनका विषयमा छानबिन र सत्यको अन्वेषण गर्ने दायित्व भएको निकायले "क्षमादानको पनि सिफारिस गर्ने" विषयलाई अदालतले नैतिक दृष्टिकोणबाट प्रश्न उठाएको छ । कसुरको अनुसन्धान गर्ने र क्षमादान दिने विषय एकसाथ एउटै निकायको अधिकारमा राखिएको विषयलाई अदालतले नैतिक पक्षबाट सबाल उठाएकाले

आगामी दिनमा यो विषयलाई गम्भीर रूपले सोच्न आवश्यक छ ।

नेपालको सन्दर्भमा संक्रमणकालीन न्यायका निम्ति निर्मित कानुन र स्थापित संस्थागत संयन्त्र दुवैलाई प्रभावकारी बनाउन आवश्यक भएको छ । खासगरी संगठनात्मक पक्षको कमजोरीका कारण नेपालका संक्रमणकालीन न्यायका संयन्त्रहरूले प्रभावकारी रूपले कार्यसम्पादन गर्न सकेनन् ।

नेपालको परिवेशअनुसारको र सर्वोच्च अदालतले समय–समयमा दिएको मार्ग निर्देशन समेतलाई ध्यानमा राखी ऐनको परिमार्जन, संक्रमणकालीन न्यायसम्बन्धी कार्यसम्पादनका निम्ति स्पष्ट, नतिजामुखी रणनीति र कार्ययोजनाको निर्माण, राजनीतिक दलहरूको सकारात्मक र सहयोगी भूमिका, संक्रमणकालीन न्यायसँग सम्बन्धित संयन्त्रको सांगठनिक विस्तार र सबलीकरण, संक्रमणकालीन न्याय प्रक्रियामा द्वन्द्व पीडित समुदाय, नागरिक समाज, स्थानीय सहभागिता र स्वामित्वभावको विकासका माध्यमबाट नेपालको संक्रमणकालीन न्याय प्रणालीलाई सक्षम र प्रभावकारी बनाई सबै पक्षको सहयोगमा मात्र यो प्रक्रियालाई टुंग्याउन सकिनेछ ।

# भाग- १
# भूमिका तथा अध्ययन विधि

## १.१ भूमिका :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवैस्तरमा भएका सशस्त्र विद्रोह, द्वन्द्व, युद्ध तथा अशान्तिले मानव सभ्यता, विश्वशान्ति र आर्थिक विकासमा गम्भीर खलल पुगेको छ । द्वन्द्व र युद्धका घाउले समाज र राष्ट्रलाई क्षतविक्षत बनाएको छ । अवश्य नै द्वन्द्व र युद्धका पछाडि समाज र राष्ट्रका निश्चित कारणहरूले काम गरेको हुन्छ । ती कारणहरूको समयमा नै सम्बोधन गर्न नसक्दा यस्ता घटनाहरू भएको विभिन्न उदाहरणबाट पुष्टि भएका छन् । साथै द्वन्द्व र युद्धपश्चात् त्यसले सिर्जना गरेका अवशेषलाई उचित तरिकाले निराकरण गर्न वा सम्बोधन गर्न सकिएन भने पुनः समाज र राष्ट्रमा युद्ध र द्वन्द्व दोहोरिने प्रबल सम्भावना रहिरहन्छ । त्यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय द्वन्द्व र युद्धको समयमा भएका घटनाहरूको छानबिन र अनुसन्धान गरी दोषीलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय ट्राइबुनलमार्फत कारबाही गर्ने र पीडितलाई उचित परिपूरण दिने नीति अवलम्बन गरिएका छन् । खासगरी अन्तर्राष्ट्रिय प्रकृतिका द्वन्द्व वा युद्धमा घटित अपराधका लागि अन्तर्राष्ट्रिय ट्राइबुनलको गठन गरिने प्रचनल रहेको छ । दोस्रो विश्वयुद्धमा नाजी तथा जापानिज सेनाबाट भएको युद्ध अपराधको छानबिन गरी दोषीलाई सजाय गर्न क्रमशः न्युरेम्बर्ग ट्रायल्स र जापानिज सेनाले गरेको युद्ध अपराधको अनुसन्धान र सजाय गर्नका लागि टोकियो ट्रार्यल्स स्थापना गरिएको थियो । यी दुई ट्राइबुनलको स्थापनाबाट युद्ध अपराधी व्यक्तिगत आधारमा जिम्मेवार हुने सिद्धान्तको विकास भयो । यसपछि पूर्व युगोस्लाभमा भएका अपराधको अनुसन्धान र त्यसमा संलग्नउपर मुद्दा चलाउन पूर्वयुगोस्लाभका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरणको गठन गरिएको थियो [१]।

रूबान्डामा भएको आमनरसंहार र अन्तर्राष्ट्रिय कानुनको उल्लंघनका सम्बन्धमा छानबिन गरी अपराधीलाई कारबाही गर्न संयुक्त राष्ट्र सुरक्षापरिषद्को प्रस्ताव नम्बर ९५५ का आधारमा रूबान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरणको स्थापना गरिएको थियो [२]।

---

1 The International Criminal Tribunal for the former Yugoslavia (ICTY) was a United Nations court of law that dealt with war crimes that took place during the conflicts in the Balkans in the 1990s. During its mandate, which lasted from 1993 - 2017, it irreversibly changed the landscape of international humanitarian law, provided victims an opportunity to voice the horrors they witnessed and experienced, and proved that those suspected of bearing the greatest responsibility for atrocities committed during armed conflicts can be called to account.

अन्तर्राष्ट्रियस्तरको युद्धमा संलग्न उपर कारबाही गर्ने परिपाटीको विकासले आन्तरिक द्वन्द्वको सम्बन्धमा पनि छानबिन गरी दोषीलाई कारबाही गर्ने प्रणालीको विकास गरियो । विश्वका विभिन्न देशहरूमा भएका राजनीतिक वा सशस्त्र द्वन्द्वका कारण आमनागरिकको हत्या, बेपत्ता, अपहरण, बलात्कार, सम्पत्तिको कब्जा तथा लुटपाटजस्ता गम्भीर अपराधहरू घटित भएका र त्यसबाट सम्बन्धित देशका नागरिकहरू प्रभावित भएका छन् । यस्ता घटनाको कारण समाजमा अशान्ति अस्थिरता र दण्डहीनताको अवस्था सिर्जना भएकाले त्यस्ता घटनामा संलग्न भएका व्यक्तिहरू उपर छानबिन र सत्यको खोज गरी पीडितलाई न्याय प्रदान गर्ने उद्देश्यले सत्य निरूपण आयोगको गठन गर्ने अभ्यास तथा प्रचलनको विकास भएको छ । यस्ता आयोगको स्थापनाले संक्रमणकालीन न्यायलाई संस्थागत माध्यमबाट सम्बोधन गरिनुपर्छ भन्ने विश्वव्यापी मान्यताहरू स्थापित भएका छन् । समग्रमा संक्रमणकालीन न्यायका प्रमुख उद्देश्य देहायबमोजिम रहेका छन् ।

**(क) मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघनका घटनाको छानबिन, सत्यको अन्वेषण तथा खोज गर्ने,**

(ख) पीडितलाई व्यक्तिगत आधार गरिने बहिष्करण तथा पीडालाई सम्बोधन गर्ने,

(ग) समूहगत वा सामूहिक रूपमा गरिने बहिष्कर तथा पीडालाई सम्बोधन गर्ने,

(घ) बृहत् समावेशी कानुनको शासन स्थापना गर्न प्रवर्द्धन गर्ने,

(ङ) सरकारी संरचनाहरूलाई बृहत् समावेशी र कम आलोचनात्मक बनाउने,

(च) दिगो शान्ति स्थापनाका लागि कानुनी तथा न्यायिक प्रणालीमा सुधार गर्ने ।

**९१.२.१ अध्ययनको उद्देश्य** : युद्ध र द्वन्द्वको कारण सिर्जित समस्याहरूको सम्बोधनका लागि विभिन्न देशहरूले संक्रमणकालीन न्यायसम्बन्धी कानुन र संरचनाको स्थापनामार्फत सत्यको खोज तथा अन्वेषणमार्फत पीडकलाई कानुनबमोजिमको कारबाही गर्न तथा पीडितलाई परिपूरणलगायतका व्यवस्था मिलाउन संक्रमणकालीन न्यायसम्बन्धी संयन्त्रहरूको स्थापना गर्ने अभ्यास र

2 The International Criminal Tribunal for Rwanda (ICTR) was an international court established in November 1994 by the United Nations Security Council in Resolution 955 in order to judge people responsible for the Rwandan genocide and other serious violations of international law in Rwanda, or by Rwandan citizens in nearby states, between 1 January and 31 December 1994. The court eventually convicted 85 individuals at a cost of $1.3 billion.

परिपाटीको थालनी भएका छन् ।

यही मान्यताका आधारमा २०५२ साल फाल्गुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म घटित भएका मानव अधिकारसम्बन्धी अपराधको छानबिन गर्न, पीडितलाई परिपूरण सिफारिस गर्न र पीडकलाई उचित कानुनी कारबाहीको सिफारिस गर्ने समेतका उद्देश्यले नेपालमा पनि संक्रमणकालीन न्यायसम्बन्धी संयन्त्रको व्यवस्था गरिएको छ । तर यो संयन्त्रले प्रभावकारीरूपमा संक्रमणकालीन न्यायसम्बन्धी कार्यसम्पादन हुन सकेको छैन । उक्त कार्य सम्पादनमा देखिएका समस्याको सम्बोधनमा अन्तर्राष्ट्रिय अभ्यास र अनुभवबाट पाठ सिक्न सकिने भएकाले पनि यो अध्ययन अगाडि बढाइएको छ । समग्रमा यो अध्ययनका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :-

(क) संक्रमणकालीन न्यायसम्बन्धी विश्वव्यापीरूपमा विकास भएका ढाँचा तथा अवधारणाको विश्लेषण गर्ने,

(ख) द्वन्द्व व्यवस्थापन र संक्रमणकालीन न्यायका सम्बन्धमा अन्य देशहरूले अवलम्बन गरेका उत्तम अभ्यास र परिपाटी अनुसरणका आधार पहिल्याउने,

(ग) संक्रमणकालीन न्यायसम्बन्धी साझा समस्या, चुनौतीहरू र सम्बोधनका लागि अन्य देशहरूले अवलम्बन गरेका उपायहरूको पहिचान गर्ने,

(घ) नेपालको संक्रमणकालीन न्यायसम्बन्धी कानुन र संस्थागत संरचनालाई प्रभावकारी बनाउने उपायहरू पहिचान गरी सिफारिस गर्ने ।

१.२.२ **अध्ययनको क्षेत्र** : स्वाभाविकरूपमा अध्ययनको क्षेत्र मुख्य क्षेत्र संक्रमणकालीन न्याय र त्यससम्बन्धी संयन्त्रमा केन्द्रित रहनेछ । यस अध्ययनमा मूलतः देहायका पक्षलाई अध्ययनको विषय अर्थात् क्षेत्र बनाइएको छ । संक्रमणकालीन न्यायसम्बन्धी सैद्धान्तिक ढाँचा तथा अवधारणा, संक्रमणकालीन न्यायसम्बन्धी कानुनी तथा संस्थागत संरचना, यसका चुनौतीहरू र नेपालका सन्दर्भमा यिनको उपयोगिता ।

१.३ **अध्ययनको विधि : यो अध्ययनका लागि गैरसैद्धान्ति पद्धति (non–doctrinal method)** अवलम्बन गरिएको छ । यो अध्ययन तथा विश्लेषणमा संक्रमणकालीन न्यायसम्बन्धी पूर्व अध्ययन प्रतिवेदन (अन्तर्राष्ट्रिय तथा राष्ट्रिय) संक्रमणकालीन न्यायसम्बन्धी विभिन्न देशका कानुन र संस्थागत संयन्त्रसम्बन्धी व्यवस्था आदिलाई स्रोत सामग्रीको रूपमा लिइएको छ । साथै प्रश्नावलीको

माध्यमबाट पनि नेपालको संक्रमणकालीन न्यायसम्बन्धी जानकारी संकलन गरिएको छ ।

**१.४ अध्ययनको सीमा, तथ्याङ्क र स्रोतसामग्री संकलन** : छोटो समयमा यो अध्ययन सम्पन्न गरिसक्नुपर्ने यसको पहिलो सीमा रहेको छ । समयावधि छोटो भएपछि अध्ययनको विधि पनि सोही बमोजिम छनोट गर्नुपर्ने नै भयो । त्यसैले अध्ययनका लागि गैरसैद्धान्ति विधिलाई लिइएको छ । तथ्याङ्क तथा स्रोत संकलनका सन्दर्भमा प्रकाशित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिवेदन लेख, रचना तथा संक्रमणकालीन न्यायसम्बन्धी पुस्तकलाई प्रमुख सन्दर्भ सामग्रीको रूपमा लिइएको छ । साथै आयोगका कर्मचारीहरूसँगको छलफलबाट प्राप्त जानकारीलाई पनि नेपालको सन्दर्भमा राखिएको छ ।

# भाग- २

# संक्रमणकालीन न्याय :
# सैद्धान्तिक अवधारणा

**२.१ संक्रमणकालीन न्यायसम्बन्धी सैद्धान्तिक अवधारणा** : आन्तरिक र अन्तर्राष्ट्रिय द्वन्द्व र युद्धको समयमा भएका मानव अधिकारका उल्लंघन तथा मानवीय पीडालाई दिगोरूपमा सम्बोधन गर्न संक्रमणकालीन न्यायको अवधारणा विकास भएको हो । संक्रमणकालीन न्यायलाई व्यवहारमा लागु गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रकारका सैद्धान्तिक तथा व्यावहारिक अवधारणाहरू विकास भएका छन् । यी अवधारणाहरूमा दण्डात्मक व्यवस्थादेखि मेलमिलापका उपायहरूलाई समेटिएको छ । यो अध्ययन प्रतिवेदनमा मूलतः देहायका चारवटा प्रमुख अवधारणालाईघ लिइएको छः-

**(क) विस्मृतको मह्लम : विस्मृतिको अवधारणा (The Balm of Forgetfulness: the Amnesia Model):-**

यो अवधारणाको मुख्य उद्देश्य विगतका अपराधका लागि कानुनी कारबाही नगर्ने मात्र होइन त्यस्ता घटना पीडकसमेतका बारेमा सार्वजनिक रूपमा छलफल र चर्चा नगर्ने रहेको छ । पीडादायक विषयलाई व्यक्तिगत तहमा मात्र सीमित राख्ने र त्यस्ता विषयलाई आमसञ्चार, राजनीतिक प्रक्रिया वा अदालती प्रक्रिया पनि प्रवेश नगराउने रहेको छ । सार्वजनिक बहसको विषय नबाइनु हो । यो अवधारणा स्पेनमा अवलम्बन गरिएको थियो । जे फ्रान्सिस्को फ्रान्कोको मृत्यु भएको २५ वर्षपछि निजले गरेको अपराधका बारेमा प्रसङ्ग उठाउँदा निजको मृत्यु भइसकेकाले विगतका बारेमा कोही पनि चर्चा गर्न चाहँदैनन् भनी सत्तारूढ पार्टीले आफ्नो धारणा व्यक्त गरेको थियो ।

**(ख) छनोटको अवधारणा (the Selective Punishment Model) :-**

यो मोडल अघिल्लो स्पेनिस मोडलको ठीकविपरीत रहेको छ । यो अवधारणाअन्तर्गत दण्डात्मक व्यवस्था र मेलमिलाप दुवै व्यवस्था एकसाथ अवलम्बन गरिनेछ । यो अवधारणाले छनोट गरिएका केही निश्चित र सीमित घटना र त्यसमा संलग्नलाई मात्र कारबाही गर्नेछ । द्वन्द्वकालीन समयको प्रमुख राजनीतिक व्यक्ति विद्रोही पक्षको प्रमुख नेतृत्व सुरक्षा निकायको तत्कालीन समयको महत्वपूर्ण पद र जिम्मेवारीमा रहेका पदाधिकारीहरूका विरूद्ध कानुनी कारबाही गरिनेछ । त्यसबाहेकका अन्यका हकमा मेलमिलाप र परिपूरणको माध्यमबाट समाधान पहिल्याउने कोसिस हुनेछ ।

---

3 Garrett, Stephen A: Models of Transitional Justice - A Comparative Analysis (International Studies Association 2000)

इथियोपियाले यो अवधारणा अवलम्बन गरेको थियो । १९९१ को मेन्गित्सु शासनकाल अवधिमा भए गरिएका फौजदारी कार्यका लागि लगभग तीन हजार व्यक्तिहरू विरूद्ध मुद्दा दायर गरिएको थियो । यसलाई अफ्रिकाको न्युरेम्बर्ग ट्रार्यल्सको उपमा पनि दिइएको थियो ।

ग्रीसले पनि यो अवधारणालाई लागु गरेको थियो । सन् १९७४ मा सैनिक तानाशाहको अन्त्य भएपछि उक्त अवधिमा भएका गम्भीर मानव आधारको उल्लंघन यातना हत्याजस्ता घटनाहरूको छानबिन गरी त्यस समयका जिम्मेवार व्यक्तिहरू उपर कारबाही गरिएको थियो । तत्कालीन सैनिक तानाशाहले मार्कसवादी विचार राख्ने प्राध्यापक, विद्यार्थी, विश्वविद्यालयमा गरेका अमानवीय कार्यका लागि कानुनी कारबाहीको प्रक्रिया अवलम्बन गरिएको थियो ।

**(ग) ऐतिहासिक स्पष्टीकरणको अवधारणा (The Historical Clarification Model) :-**

यो अवधारणाले द्वन्द्वकालीन समयका घटनाहरूलाई अभिलेख गर्ने र त्यसको विश्लेषणमार्फत दिगो शान्ति स्थापनाका उपायहरू खोज्न प्रेरित गर्नेछ । यसले मानव अधिकार उल्लंघनका सबै घटनाहरूलाई अभिलेख गर्नेछ तर कुनै कानुनी कारबाहीको प्रक्रिया भने अवलम्बन गरिने छैन । यो अवधारणा ग्वाटेमालामा लागु गरिएको थियो । सन् १९६० देखि ग्वाटेमालामा प्रारम्भ भएको हिंसा र द्वन्द्वमा दुई लाख मानिसको मृत्यु भएको थियो । एक हिसाबले त्यहाँ हिंसाको संस्कृत नै विकास भएको थियो । दशकौं लामो हिंसाको संस्कृति अन्त्यका लागि संयुक्त राष्ट्रसंघको तत्वाबधानमा ग्वाटेमालाको सरकार र विद्रोही पक्षबीच सन् १९९६ मा शान्ति सम्झौता सम्पन्न भयो र त्यही सम्झौताका आधारमा ऐतिहासिक स्पष्टीकरण आयोग (The Historical Clarification Commission) गठन गरियो । उक्त आयोगलाई विद्रोहको समयमा भएका घटनाहरूका बारेमा छानबिन गर्ने अधिकार दिइएको थियो । तर यसरी छानबिन गर्दा व्यक्तिगत दायित्वको पक्षमा भने छानबिनको अधिकार दिइएको थिएन । उक्त आयोगले "ग्वाटेमाला : मौनताको स्मरण गरायो (Guatemala: Memory of Silence)" नाम दिएको दुई हजार व्यक्तिगत मुद्दाहरूको अभिलेखसहित द्वन्द्वको सामान्य विश्लेषण गरिएको तीन हजार चार सय पेज लामो प्रतिवेदन पेस गरेको थियो ।

**(घ) सत्य अन्वेषण र कारबाहीको संयुक्त अवधारणा (Truth telling With a BiteM the Mixed Memory and Punishment Mode) :–**

द्वन्द्वको समयमा भएका अपराधहरूको सत्य तथ्य पत्ता लगाउने तथा त्यसका

आधारमा केही घटनामा संलग्नलाई कारबाही गर्ने अवधारणा नै संयुक्त मोडल हो । यो मोडलको उत्तम उदाहरणका रूपमा दक्षिण अफ्रिकाले अवलम्बन गरेको पद्धतिलाई लिइन्छ । दक्षिण अफ्रिकाले एकसाथ यो अवधारणा लागु गरेको थियो । सत्यको खोज तथा अन्वेषण र केही सीमित घटनामा संलग्नलाई कानुनी कारबाही लागि । यो अवधारणालाई लागु गर्न राष्ट्रिय एकता तथा मेलमिलाप आयोग ऐनका आधारमा सन् १९६० देखि १९९४ सम्मको अवधिमा भएका कसुरका विषयमा छानबिन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरियो । उक्त आयोगमा तीन अलग समितिहरू : मानव अधिकारको उल्लंघन समिति, आममाफी समिति र परिपूरण तथा पुनर्स्थापना समिति रहेका थिए । यसमा पनि आम माफीको सिफारिसका सम्बन्धमा बढी चर्चा परिचर्चा भएको थियो । किनकि राजनीतिक उद्देश्यले निर्देशित घटनाका सम्बन्धमा मात्र आममाफी दिने नीति लिइएको थियो । दक्षिण अफ्रिकाको अवधारणालाई न्युरेम्बर्ग र विस्मृतिको मिश्रित मोडलको रूपमा पनि लिने गरिएको छ ४।

## २.२ संक्रमणकालीन न्यायका व्यावहारिक पक्ष - समीक्षा र मूल्याङ्कन :

संक्रमणकालीन न्यायका सम्बन्धमा माथि उल्लिखित चारवटा अवधारणाहरू विगतमा भएका मानव अधिकार उल्लंघनका घटनाहरूका बारेमा छानबिन गर्ने तथा पीडितलाई जिम्मेवार बनाउने सन्दर्भका प्रस्थान बिन्दुमात्र हुन् । संक्रमणकालीन न्यायलाई व्यावहारिक रूपमा कार्यान्वयनमा लैजान आम सहमति र सबैपक्षको विश्वास आर्जन गर्न आवश्यक हुनेछ । त्यसैले संक्रमणकालीन न्यायका अवधारणाले देहायका पक्षलाई विशेष ध्यानदृष्टिमा राखिनु पर्नेछ :

### २.२.१ जानकारीको मूल्य (The Value of Knowing) :

सत्यको जानकारी पीडादायक हुन्छ तर निःसन्देह यो स्वस्थ्यकर मुक्तिदायक हुन्छ । त्यसैले द्वन्द्वको समयमा आफन्तजनले भोगेका पीडा, कैदको अवस्था, उनीहरूको मृत्यु भएको स्थान वा तत्कालीन अवस्थाका बारेमा प्राप्त हुने जानकारीले वास्तविकतासँग साक्षात्कार गर्ने अवसर मिल्नेछ र त्यस किसिमको वातावरणले पीडालाई तत्क्षण व्यक्त गर्दै क्रमशः सामान्य अवस्थातर्फ फर्कन सहयोग गर्नेछ । तर यस्तो कार्य धेरै होसियारीपूर्क सम्पन्न गरिनुपर्छ । अन्यथा

4 "Nuremberg and amnesia" was dictated by the fact that the transition to the new South Africa was the result of a negotiated settlement between the old regime and the liberation forces.

पीडितका आफन्तमा प्रतिशोध र बदलाको भावना जागृत हुने पनि त्यत्तिकै प्रबल सम्भावना रहन्छ । यसरी सत्य अन्वेषण गर्नुअघि पीडित तथा आफन्तलाई अनुभवी व्यक्तिबाट मनोपरामर्श दिन आवश्यक हुनेछ ।

### २.२.२ **घटनाको व्यवस्थापन** (Settling Accounts):

द्वन्द्वकालीन समयमा भएका मानव अधिकार उल्लंघनका घटनाहरूको छानबिन र कारबाहीको प्रक्रिया जोखिमयुक्त हुनेछ । पूर्णरूपमा अघिल्लो सत्ता समाप्त भएको र त्यसमा संलग्न व्यक्तिहरूका विषयमा छानबिन र कारबाहीको प्रक्रिया अगाडि बढाउँदा प्रतिविद्रोह हुने सम्भावना रहन्छ । त्यसैले छानबिन र कानुनी कारबाही गर्दाका समयमा ध्यान विचार पुऱ्याउन र संवेदनशील हुन आवश्यक हुनेछ । संक्रमणकालीन न्यायको सम्पादनमा विगतका घटनाको व्यवस्थापन चुनौतीपूर्ण रहेको अन्तर्राष्ट्रिय अनुभवले पुष्टि गरेको छ । त्यसैले मानव अधिकार उल्लंघनका घटनाको व्यवस्थापन यसरी गर्ने

### २.२.३ **विस्मृतिको अवस्था** (the Case for Forgetting):-

संक्रमणकालीन न्याय सम्पादनमा विस्मृतिको नीतिको अवधारणा चुनौतीपूर्ण रहेको छ । आलोचकहरूले यसलाई अनुचित वा अन्यायपूर्ण अवधारणाका रूपमा चित्रण गरेका छन् । नैतिकशास्त्रको दृष्टिकोणबाट विश्लेषण गर्ने पण्डितहरूले विस्मृतिको अवधारणालाई स्वीकार गर्न कठिन हुने विचार व्यक्त गरेका छन् । कुनै पनि प्रकारको न्याय सम्पादनमा नैतिक पक्षलाई नजर अन्दाज गर्न मिल्दैन भन्ने मत जबर्जस्त रूपमा बलियो रहेको छ । विस्मृतिको अवधारणाको वकालत गर्नेहरूले परिणामवादी तर्क प्रणालीलाई सैद्धान्तिक आधार बनाएका छन् । यो अवधारणालाई स्वीकार्य बनाउन उपयोगितासम्बन्धी सिद्धान्तलाई पनि आधार बनाउने प्रयास गरिएको छ । अर्थात् समाजको अधिकतम हितलाई ध्यानमा राखेर संक्रमणालीन न्यायको अवधारणा तय गरिनुपर्छ भन्ने मतलाई पनि तार्कित आधार बनाइएको छ । विगतका घटनालाई बिर्संदा बहुसंख्यक जनता र समुदायको हित तथा समाजमा दिगो शान्ति र स्थिरता कायम हुने देखिएमा संक्रमणकालीन न्यायका सवालमा विस्मृतिको अवधारणा लागु गर्न उचित हुने तर्कहरू प्रस्तुत गरिएका छन् । कानुनी कारबाहीको प्रक्रियाले राजनीति-ऐतिहासिक दोष रेखा (political-historical fault lines) गहिरो हुँदै जाने र समाज गम्भीर रूपले विभाजित हुने प्रबल सम्भावना भएका त्यस्तो अवस्थालाई सम्बोधन गर्ने उत्तम विकल्प विस्मृतिको अवधारणा हुने विचार व्यक्त भएका छन् ।

# भाग- ३

# संक्रमणकालीन न्यायसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

### ३.१ अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुलन :

अन्तर्राष्ट्रिय फौजदारी कानुन वा अन्तर्राष्ट्रिय मानवीय कानुन युद्ध अपराध, नरसंहार, मानवताविरूद्धको अपराधका सम्बन्धमा अनुसन्धान तथा अभियोजन गर्नका लागि अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनलको गठन गरिएको छ । खासगरी राष्ट्रिय संस्थाहरू यस्ता अपराधका सम्बन्धमा कारबाही गर्न असक्षम वा अनिच्छुक भएमा यस्ता न्यायिक निकायको गठन गर्ने अभ्यासको विकास भएको छ । युद्ध अपराध, नरसंहार, मानवता विरूद्धको अपराधका सम्बन्धमा अनुसन्धान तथा अभियोजन गर्नका लागि तीन प्रकारका ट्राइबुनलहरू गठन भएको देखिन्छ : (क) अन्तर्राष्ट्रिय सैनिक ट्राइबुनल (ख) अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनल र (ग) वर्णसंकर/मिश्रित ट्राइबुनलहरू ।

**३.१.१ अन्तर्राष्ट्रिय सैनिक ट्राइबुनल** : दोस्रो विश्वयुद्धको समाप्तिपश्चात् बिजेता राष्ट्रहरूको (Allied Forces) तर्फबाट दुईवटा सैनिक ट्राइबुनल गठन गरिएको थियो । नाजी सेना तथा जापानिज सेनाले अन्य देशविरूद्ध (मित्र देशविरूद्ध) (Allied Forces) आक्रमणको षड्यन्त्र गरेको, आक्रमण (युद्ध) गरेको र युद्धको समयमा निर्धारित नियमको उल्लंघन, आमनरसंहार, लुटपाट, जबर्जस्ती यौनशोषणलगायतका आरोपमा छानबिन गर्ने उद्देश्यले यी ट्राइबुनलको गठन गरिएको थियो ।

**(क) न्युरेम्बर्ग ट्राइबुनल :**

**जर्मनका लागि अन्तर्राष्ट्रिय सैनिक ट्राइबुनल** : दोस्रो विश्वयुद्धका समयमा जर्मन नाजी सेना तथा नेताहरूबाट भए गरिएका चार प्रकारका अपराधको छानबिन गरी सजाय गर्न यस प्रकारको ट्राइबुनल गठन भएको थियो । उक्त ट्राइबुनलले निम्न अनुसारका अपराधको बारेमा मुद्दा सुनुवाइ गरेको थियो : (१) शान्ति विरूद्धको अपराध, (२) मानवता विरूद्धको अपराध, (३) युद्ध अपराध र (४) उक्त तीनबटा अपराध गर्ने योजना वा षड्यन्त्र । उक्त ट्राइबुनलले सन् १९४५ देखि १९४६ सम्ममा दर्जनौं संख्यामा सुनुवाइ गरेको थियो र नाजी नेतृत्वले अपराध गरेका माथि उल्लिखित घटनाका विषयमा छानबिन र अभियोजनापश्चात् सुनुवाइ गरेर निर्णय दिइएको थियो । उक्त ट्राइबुनले आफ्नो निर्णयमा केही आधारभूत सिद्धान्तहरूसमेत तय गरेको थियो । उक्त ट्राइबुनलको निर्णयका आधारमा अन्तर्राष्ट्रिय कानुन आयोगले देहायका सातवटा आधारभूत सिद्धान्तहरूलाई संहिताबद्ध गरेको छ ।

**सिद्धान्त १ :** कुनै पनि व्यक्तिले अन्तर्राष्ट्रिय कानुनले अपराध मानेको कार्य गरेमा त्यसकाप्रति जिम्मेवारी रहने र सजायको भागीदार हुनेछ ।

### ३.१.२ अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनल (गैरसैनिक)

दोस्रो विश्व युद्धको समयमा भएका युद्ध अपराध तथा मानवताविरूद्धका अपराधको छानबिन अभियोजन र निर्णय गर्नका लागि ट्राइबुनलको गठन गर्ने अभ्यास सुरू भएको विषयमाथि उल्लेख गरिकैछ । तर ती ट्राइबुनलहरूको नाम नै सैनिक ट्राइबुनल रहेकाले गैरसैनिक व्यक्तिका सम्बन्धमा त्यस्तो प्रकृतिको न्यायालयबाट सुनुवाइ हुने विषय स्वच्छ र निष्पक्ष न्यायसम्पादनका दृष्टिकोणबाट स्वीकार्य नहुने मान्यताका आधारमा अन्तर्राष्ट्रिय क्षेत्राधिकार आकर्षित हुने फौजदारी अपराधका लागि विशेष प्रकृतिका ट्राइबुनल गठन गर्ने अभ्यास सुरू गरियो । यसको ज्वलन्त उदाहरणका रूपमा पूर्वयुगोस्लाभ र रूबान्डाका लागि गठन भएका ट्राइबुनललाई लिन सकिन्छ, जसको बारेमा तल चर्चा गरिएको छ ।

**(क) पूर्वयुगोस्लाभका लागि अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनल :**

यो पूर्वयुगोस्लाभमा सन् १९९१ देखि २००१ सम्म भएका युगोस्लाभ युद्ध, अत्याचार र जातीय सफायाको छानबिन र अभियोजनका लागि संयुक्त राष्ट्र सुरक्षापरिषद् को प्रस्ताव नं ८२७ बमोजिम सन् १९९३ मा पूर्वयुगोस्लाभका लागि अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनलको स्थापना भएको थियो । यसको कार्यस्थान नेदरल्यान्डर्सको हेगमा राखिएको थियो । यो २४ वर्ष सञ्चालनमा रहेर डिसेम्बर २०१७ मा बन्द गरियो ।

सन् १९९१ देखि पूर्वयुगोस्लाभमा जेनेभा महासन्धिको उल्लंघन, युद्ध अपराध, नरसंहार, मानवताविरूद्धको अपराधका विषयमा छानबिन र अभियोग गर्ने क्षेत्राधिकार तोकिएको थियो । उक्त ट्राइबुनलले १ सय ६१ जना व्यक्तिविरूद्ध अभियोग दर्ज गराएको थियो । त्यसमध्ये ८९ जना व्यक्तिलाई दोषी घोषित गरिएको, १८ जना व्यक्तिलाई सफाइ दिइएको र १३ जना व्यक्तिसँग सम्बन्धित मुद्दा राष्ट्रिय अदालतमा पठाइएको थियो । ३७ जना विरूद्धका मुद्दा फिर्ता लिइएको वा अभियोग लागेका व्यक्तिहरूको मृत्यु भएको थियो ।

**(ख) रूबान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनल :**

रूबान्डमा १ जनबरी ११९४ देखि ३१ डिसेम्बर १९९४ सम्म भएका आमनरसंहारका घटनाहरू त्यहाँको अल्पसंख्यक जनताविरूद्ध भएका नरसंहारमा संलग्न व्यक्तिहरूका

सम्बन्धमा छानबिन र अभियोजनका लागि संयुक्त राष्ट्र सुरक्षापरिषद्को प्रस्ताव नं ९९५ बमोजिम सन् १९९४ मा रूबान्डका लागि अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनलको स्थापना भएको थियो । यसको कार्यस्थल तान्जानियाको आरूसामा राखिएको थियो । यो ट्राइबुनलले २० वर्षको अवधिमा आफ्नो अन्तिम निर्णय दिएपछि डिसेम्बर २०१५ मा बन्द गरियो ।

यो ट्राइबुनले ९३ जना व्यक्तिविरूद्ध अभियोग लगाइएको थियो; त्यसमध्ये ६१ जनालाई दोषी ठहर गरी सजाय गरिएको थियो भने १४ जनालाई सफाइ दिएको थियो र पाँचबटा मुद्दाहरू रूबान्डा र फ्रान्सका राष्ट्रिय अदालतसमक्ष पठाइएको थियो । दुईवटा अभियोग फिर्ता लिइएको थियो भने तीन जना अभियुक्तहरूको सुनुवाइको अवधिमा नै मृत्यु भएको थियो ।

**(ग) अन्तर्राष्ट्रिय अवशिष्ट संयन्त्र :**

रूबान्डा तथा पूर्वयुगोस्लाभ ट्राइबुनलका बाँकी कार्यहरू सम्पन्न गर्न संयुक्त राष्ट्र सुरक्षापरिषद्ले सन् २०१० आरूसा तान्जानिया र हेग नेदरल्याान्डस्मा अन्तर्राष्ट्रिय अवशिष्ट संयन्त्रको कार्यालय स्थापना गरेको छ ।

भगौडा व्यक्तिहरूलाई पक्राउ गर्ने, ट्राइबुनलले दिएका निर्णयउपर पुनरावेदन सुन्ने, नयाँ तथ्यका आधारमा पूर्व निर्णयमा पुनरावलोकन गर्ने, पुनः सुनुवाइ सञ्चालन गर्ने, ट्राइबुनलको मानहानि र झूटा साक्षी प्रमाणका विषयमा छानबिन र कारबाही गर्ने, राष्ट्रिय अदालतमा प्रेषित मुद्दाहरूको अनुगमन गर्ने, पीडित तथा साक्षीको संरक्षण गर्ने, ट्राइबुनलका निर्णयहरूको कार्यान्वयन गर्न, सजाय माफी, सजाय परिवर्तन वा अग्रिम छुटकाराका लागि पेस भएका अनुरोध उपर निर्णय गर्ने, सम्बद्ध विषयको अभियोजनका लागि राष्ट्रिय निकायहरूलाई सहयोग गर्ने र ट्राइबुनलका अभिलेखहरू सुरक्षित राख्ने जिम्मेवारी तथा अधिकार अवशिष्ट संयन्त्रलाई दिइएको छ ।

## ३.२. वर्णसङ्कर/मिश्रित ट्राइबुनलहरू :

अन्तर्राष्ट्रिय समुदायको सहयोगमा सम्बन्धित द्वन्द्वग्रस्त देशका सरकारले स्थापना गरेका फौजदारी अदालतहरूलाई मिश्रित ट्राइबुनलको संज्ञा दिइएको छ । यी ट्राइबुनलमा राष्ट्रिय क्षेत्राधिकार र केही सन्दर्भमा अन्तर्राष्ट्रिय चरित्रसमेत रहेकाले वर्णसङ्कर वा मिश्रित ट्राइबुनल नामाकरण गरिएको छ ।

**(१) सिरियालियोनका लागि विशेष अदालत :**

सन् १९९१ देखि २००२ सम्म सिरियालियोनमा आमनागरिक तथा संयुक्त राष्ट्रको शान्ति स्थापनार्थ तैनाथी फौजविरूद्ध भएका गम्भीर अपराधको छानबिन तथा अभियोजनका लागि सन् २००२ मा संयुक्त राष्ट्रसंघको सहयोगमा विशेष अदालतको स्थापना गरिएको थियो। अदालतको स्थापनापश्चात् अभियोजकले राष्ट्रपति चार्ल्स टेलर्सलगायत क्रान्तिकारी संयुक्त फ्रन्ट, सशस्त्र क्रान्तिकारी परिषद्, सिभिल डिफेन्स फोर्सको नेतृत्वमा रहेका व्यक्तिहरूविरूद्ध १३ वटा मुद्दा दायर गरेको थियो । त्यसमा नौ जना व्यक्तिविरूद्ध १५ वर्षदेखि ५२ वर्षसम्मको जेल सजाय गरिएको थियो ।

**(२) विशेष कोर्ट अफ कम्बोडिया :**

सन् १९९७ मा कम्बोडियन सरकारले खमेररूज शासनकालमा (सन् १९७५ देखि १९७९ सम्म) भएका अपराधको छानबिनका लागि सहयोग गर्न संयुक्त राष्ट्रलाई अनुरोध गरिएको थियो। त्यसपश्चात् कम्बोडियाको नेसनल एसेम्लीले सन् १९७५ देखि १९७९ सम्ममा खमेरूज शासन अवधिमा भए गरिएका गम्भीर अपराधको छानबिन तथा अभियोजन गर्ने अदालतको स्थापना गर्नका लागि कम्बोडिया विशेष अदालतको स्थापना गरिएको थियो । यो अदालतलाई कम्बोडिया अदालतले असाधारण च्याम्बर नाम दिइएको थियो । अदालतको क्षमता वृद्धिका लागि संयुक्त राष्ट्रसंघ र कम्बोडिया सरकारबीच एक सम्झौता सम्पन्न भएको थियो र सो सम्झौताका आधारमा विदेशी स्टाफहरू पनि उपलब्ध गराइएको थियो ।

**(३) लेबनानका लागि विशेष ट्राइबुनल :**

लेबनानी सरकारले संयुक्त राष्ट्रसंघलाई गरेको अनुरोधका आधारमा संयुक्त राष्ट्र सुरक्षापरिषद्को प्रस्ताव नं १७५७ का आधारमा लेबनानका लागि विशेष ट्राइबुनलको स्थापना गरिएको थियो। यो ट्राइबुनलमा लेबनानी तथा विदेशी न्यायाधीशहरू रहने व्यवस्था गरिएको थियो । यो ट्राइबुनलको मुख्यालय नेदरल्यान्डस्को हेगमा र एक अर्को कार्यालय लेबनानको बेरूतमा राखिएको थियो। सन् १४ फेब्रुवरी २००५ मा प्रधानमन्त्री रफिक हरारीलगायत २२ जना व्यक्तिहरू हत्या भएको घटनाको छानबिन गर्ने अधिकार यो ट्राइबुनललाई दिइएको थियो। साथै ट्राइबुनलको सुनुवाइमा पीडित व्यक्तिहरूको सहभागिता

रहने व्यवस्था पनि गरिएको थियो । यो ट्राइबुनलमा पीडितको सहभागिताको अधिकार, पीडक अधिकार र अभियोजकको रणनीतिबीच सन्तुलन कायम गर्ने नीति पनि अवलम्बन गरिएको थियो ।

**(४) डिल्ली कोर्ट अफ सिरियस क्राइम प्यानेल (पूर्वी टिमोर) :**

सन् १९९९ मा पूर्वी टिमोरमा भएका गम्भीर अपराधको छानबिन तथा अभियोजनका लागि सन् २००० मा संयुक्त राष्ट्र संक्रमणकालीन प्रशासनद्वारा वर्णसङ्कर ट्राइबुनलको स्थापना गरिएको थियो । जसको नाम डिल्ली कोर्ट अफ सिरियस क्राइम प्यानेल (इस्टटिमोर) राखिएको थियो । उक्त प्यानेललाई आम नरसंहार, युद्ध अपराध, मानवताविरूद्धको अपराध, हत्या, यौनसम्बन्धी अपराध र यातनाका विषयमा छानबिन, अभियोजन र निर्णय गर्ने अधिकार दिइएको थियो । यो विशेष प्यानेलले चार सय जना व्यक्तिहरूविरूद्ध अभियोग दर्ज गरेको थियो । ती मध्येका अधिकांश व्यक्तिहरू इन्डोनेसियन नागरिक थिए र उनीहरूलाई त्यहाँको सरकारले सुपुर्दगी नगरेका कारण मुद्दाको कारबाही नै प्रभावित भएको थियो । उक्त प्यानेलले ८८ जना व्यक्तिविरूद्ध मुद्दाहरूको ५५ वटा सुनुवाइ गरेको थियो र त्यसमा ८४ जना व्यक्तिलाई सजाय गरिएको थियो भने चार जनालाई सफाय दिइएको थियो ।

यसका अतिरिक्त ५ सय १४ उजुरीहरू छानबिनको क्रममा नै थिए र संयुक्त राष्ट्रबाट आर्थिक सहयोग रोकिएका कारण तिनको छानबिन नै प्रभावित भएको थियो । यी सहित ८ सय २८ उजुरीका सम्बन्धमा छानबिन हुन सकेनन् ।

**(५) कोसोभो सिक्स्टी फोर प्यानेल रेगुलेसन :**

कोसोभो युद्धको समाप्तिपश्चात् संयुक्त राष्ट्र आन्तरिक प्रशासनको सहयोगमा अन्तर्राष्ट्रिय सहयोगमा कोसोभो युद्धका समयमा भएका अपराधको छानबिन तथा अभियोजनको कार्यलाई अगाडि बढाइएको थियो । यो कार्यका लागि कोसोभोको न्यायालयको सुदृढीकरण तथा अन्तर्राष्ट्रिय विज्ञहरू खासगरी न्यायाधीशको सहयोग उपलब्ध गराइएको थियो । संयुक्त राष्ट्र कोसोभो सिक्स्टी फोर प्यानेल रेगुलेसन २०००/६४ ले दुई जना अन्तर्राष्ट्रिय न्यायाधीशको प्रबन्ध गरेको थियो भने एक जना न्यायाधीश कोसोभोबाट चयन गरिएको थियो ।  यो प्यानेलले २० वटा सुनुवाइ सम्पन्न गरेको थियो ।

**(६) बोस्यिना हर्जगोबिनाका लागि युद्ध अपराध च्याम्बर :**

पूर्वयुगोस्लाभमा सन् १९९१ पश्चात् घटित भएका मानवीय कानुनको उल्लंघन तथा युद्ध अपराधमा संलग्न न्यून तथा मध्यम तहका दोषी व्यक्तिहरूका सम्बन्धमा पूर्वयुगोस्लाभ ट्राइबुनलमा पेस भएका मुद्दाहरूका सम्बन्धमा छानबिन तथा कारबाही गर्न बोस्निया हर्जगोबिनाका लागि युद्ध अपराध च्याम्बरको गठन गरिएको थियो । पछि यसको क्षेत्राधिकारमा परिवर्तन गरियो र बोस्यिना हर्जगोबिनाको राष्ट्रिय कानुनले परिभाषित गरेका अपराधहरू आमनरसंहार मानवता विरूद्धको अपराध युद्ध, अपराध युद्धसम्बन्धी कानुनको उल्लंघन तथा यी अपराधमा संलग्न रहेकाहरूको व्यक्तिगत फौजदारी दायित्वका विषयमा समेत छानबिन गर्ने अभियोजन गर्ने र निर्णय गर्ने अधिकार प्रदान गरियो । युद्ध अपराधसम्बन्धी राष्ट्रिय रणनीतिले यसको समयावधि ७ दखि १५ वर्षका लागि निर्धारण गरेकोमा सन् २०१८ मा यो रणनीतिमा संशोधन गरी यसको समयावधि २०२३ सम्मका लागि विस्तार गरिएको छ । यो रणनीतिपत्रमा ५ सय ५० अनिर्णीत मुद्दाहरू रहेका र त्यसमा चार हजार पाँच सय आरोपित व्यक्तिहरू जोडिएको उल्लेख गरिएको छ ।

**(७) सर्वियन ट्राइबुनल :**

पूर्वयुगोस्लाभमा सन् १९९१ पश्चातका मानवीय कानुनको उल्लंघनका सम्बन्धमा कानुनी कारबाही गर्न स्थापित भएको र यसको कारबाही International legal Acts तथा National Legislation बाट हुने व्यवस्था मिलाइएको थियो । यसको क्षेत्राधिकार निम्नबमोजिम हुने गरी तोकिएको थियो ।

- राष्ट्रिय फौजदारी कानुनले परिभाषित गरेका अपराध,
- १ जनबरी १९९१ पश्चात पूर्वयुगोस्लाभमा भएका अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका घटना,
- मानवताविरूद्धको अपराध,
- अन्तर्राष्ट्रिय फौजदारी कानुनको उल्लंघनका घटना ।

**(८) इराक विशेष ट्राइबुनल :**

जुलाई १७, १९६८ देखि मे १, २००३ सम्मभित्र इराकी नागरिक वा इराकी बासिन्दा संलग्न रहेका अपराधहरू : आमनरसंहार मानवताविरूद्धका अपराध युद्ध अपराध वा अन्य गम्भीर फौजदारी अपराधसँग सम्बन्धित फौजदारी

अपराधका मुद्दाहरूको सुनुवाइ गर्न इराक विशेष ट्राइबुनलको गठन गरिएको थियो । वास्तवमा यो ट्राइबुनल सद्दाम हुसैन तथा निजको वाथ पार्टीका सदस्यहरूलाई कारबाही गर्न गठन गरिएको थियो । नोभेम्बर ५, २००६ का दिन उक्त ट्राइबुनलले मानवताविरूद्धको अपराधममा सद्दाम हुसैनलाई मृत्युदण्डको सजाय दिएको थियो । यसका अतिरिक्त वाथ पार्टी तथा सद्दाम हुसैनको सरकारमा रहेका दर्जनौ अधिकारीहरूलाई पनि उक्त ट्राइबुनलले मृत्युदण्डको सजाय दिएको थियो ।

**(९) लकर्बी ट्रायर्ल्स :**

पान अमेरिकन उडान १०३ लाई स्कटल्यान्डको लकर्बीमा बम्बद्वारा ध्वस्त गरिएको विषयमा दुई जना लेबनानी नागरिकका सम्बन्धमा सुनुवाइ गर्न २१ डिसेम्बर १९८८ मा नेदरल्यान्डस्‌स्थित पूर्वअमेरिकी सैनिक क्याम्पमा स्कटिस कोर्टको स्थापना गरिएको थियो । जहाजमा सवार २ सय ७० जनाको हत्या गरेको आरोपमा अबदेलबासेत अल मेग्राही (Abdelbaset al-Megrahi) लाई दोषी ठहर गरी काराबासको सजाय दिइएको थियो भने अर्को एक व्यक्ति लामिन फिमाह (Lamin Khalifah) Fhimah) लाई सफाइ दिइएको थियो । आठ वर्षको काराबासपश्चात् गम्भीर स्वास्थ्यको कारण मेग्राहीलाई जेल मुक्त गरिएको थियो । त्यसपश्चात् उ लिबिया फर्किएको र सन् २०१२ को मे महिनामा त्यही नै उसको मृत्यु भएको थियो ।

**३.३ अन्तर्राष्ट्रिय फौजदारी अदालत** : अन्तर्राष्ट्रिय फौजदारी अदालत एक स्थायी न्यायाधीकरण हो । रोम विधान १९९८ का आधारका यो अन्तर्राष्ट्रिय अदालतको स्थापना भएको हो । यसको मुख्यालय नेदरल्यान्डस्‌को हेगमा रहेको छ ।

गम्भीर प्रकृतिका फौजदारी कसुरका सम्बन्धमा राष्ट्रिय न्यायिक प्रणाली/न्यायालयले कारबाही गर्न असमर्थ भएमा वा कारबाही गर्ने कानुनी तथा संस्थागत व्यवस्थाको अभाव रहेमा राष्ट्रिय फौजदारी न्यायप्रणालीको परिपूरक (Complementary to National Criminal Jurisdictions) का रूपमा काम गर्न यो अन्तर्राष्ट्रिय अदालतको स्थापना भएको हो ।

**क्षेत्राधिकार** : आम नरसंहार, मानवताविरूद्धको अपराध, युद्ध अपराध र आक्रमणको अपराध (यद्यपि वर्तमानमा आक्रमणको अपराधका सम्बन्धमा आफ्नो न्यायिक क्षेत्राधिकार प्रयोग गर्न सक्दैन) को लागि अपराधीहरूका विरूद्ध मुद्दाहरू

दायर गर्ने र त्यसउपर सुनुवाइ गरी निर्णय दिइनेछ । जुलाई १, २००२ पश्चात् भएका यस प्रकारका फौजदारी कसुरमा अदालतको क्षेत्राधिकार रहने व्यवस्था गरिएको छ । खासगरी देहायका तीन आधारमा अदालतको क्षेत्राधिकार कायम हुनेछ : (क) रोम विधान १९९८ को पक्ष भएको अवस्थामा (ख) बडापत्रको भाग ८ बमोजिम संयुक्त राष्ट्र सुरक्षा परिषद्को सिफारिसका आधारमा (ग) रोम विधानको धारा १५ बमोजिम अदालतको अभियोजकको स्वः प्रस्तावको आधारमा ।

### ३.४ विभिन्न देशहरूमा अवलम्बन भएका संक्रमणकालीन न्यायसम्बन्धी उपायहरू :

आन्तरिक द्वन्द्व तथा विद्रोहका कारण विश्वका विभिन्न देशहरूमा लाखौं संख्यामा मानिसहरूको जीवन तथा सम्पत्तिको विनास भएको छ भने उनीहरू आफ्नो थातथलोबाट विस्थापन हुन परेको दुःखद् अवस्थामा पनि सिर्जना भएको छ । द्वन्द्वले कानुन र व्यवस्था तथा राजनीतिक प्रणालीको स्थायित्व र मावन सभ्यताको अस्तित्व माथि नै गम्भीर संकट उत्पन्न गरिदिएको छ ।

विश्वका सबै क्षेत्र इतिहासको कालखण्डमा एक वा अर्को स्वरूपको द्वन्द्वबाट प्रभावित भएका छन् । द्वन्द्वको सिर्जनापश्चात् त्यसले सिर्जना गरेको परि स्थितिलाई शान्तिपूर्ण उपायबाट सम्बोधन गर्न सकिएमात्र समाजमा स्थायित्व र मेलमिलाप कायम हुने भएकाले द्वन्द्वपश्चात् शान्ति र स्थायित्वका लागि शान्तिपूर्ण उपायको खोजी हुने उत्तम विकल्प हो ।

द्वन्द्व व्यवस्थापनका विभिन्न उपायहरूमध्ये संक्रमणकालीन न्यायको अवलम्बन एक प्रभावकारी उपायका रूपमा स्थापित भएको छ । त्यसैले द्वन्द्वको चरणबाट गुज्रेका देशहरूले अवलम्बन गरेका संक्रमणकालीन न्यायसम्बन्धी व्यवस्थाको संक्षिप्तरूपमा तल प्रस्तुत गरिएको छ ।

**अल्जेरिया** : सन् १९९० को दशकमा अल्जेरियामा भएका मानव अधिकारको उल्लंघनका घटनाहरूको छानबिन गर्न सन् २००३ मा अस्थायी आयोग गठन गरियो र सन् २००६ मा जारी गरिएको शान्ति तथा राष्ट्रिय मेलमिलाप चार्टरका आधारमा मानव अधिकारको उल्लंघनका घटनाहरूमा संलग्न सुरक्षा निकाय र सशस्त्र इस्लामिक समूहका व्यक्तिहरूलाई आम माफी दिइएको थियो । २ हजार ६ सय ४० परिवारलाई परिपूरण र क्षतिपूर्ति दिइएको उल्लेख छ । छानबिन

प्रतिवेदनले छ हजार व्यक्तिहरू बेपत्ता भएको र केही संख्यामा व्यक्तिहरूको मृत्यु भएको भनिए पनि उक्त प्रतिवेदन सार्वजनिक गरिएन ।

**अर्जेन्टिना** : सन् १९७६ देखि १९८३ सम्मको अवधिमा सैनिक शासकद्वारा गरिएका मानव अधिकार उल्लंघनका घटनाहरूको छानबिन गर्न सन् १९८३ मा आदेश नं. १८७/८३ जारी गरिएको र त्यसको आधारमा बेपत्ता पारिएका व्यक्तिसम्बन्धी राष्ट्रिय आयोगको गठन गरिएको थियो । उक्त अवधिमा तीस हजार व्यक्तिहरू बेपत्ता भएको आशंका गरिए पनि आयोगको प्रतिवेदनमा नौ हजार व्यक्तिहरू बेपत्ता भएको भनी उल्लेख गरिएको छ । आयोगको प्रतिवेदनका आधारमा सन् १९८४ मा साधारण अदालतमा सुनुवाइको प्रक्रिया प्रारम्भ गरिएको उल्लेख छ र यसलाई न्युरेम्बर ट्रायल पछिको सबैभन्दा बृहत् सुनुवाइ पनि भनिएको छ । आयोगको प्रतिवेदनमा पीडित परिवार र व्यक्तिहरूका लागि परिपूरणको कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिएको थियो । बेलायतका उपनिवेश कालमा भिक्टोरियाका आदिबासीलाई जबरजस्ती बेपत्ता पारिएको र आमहत्या (नरसंहार) गरिएको सम्बन्धमा छानबिन गर्न भिक्टोरिया सरकारले सन् २०२१ मा छानबिन आयोग गठन गरेको छ ।

**बंगलादेश** : सन् १९७१ मा पाकिस्तानबाट बंगलादेशको स्वतन्त्र हुँदाको समयमा तत्कालीन पाकिस्तानी सेनाले गरेको आमहत्या नरसंहार मानवता विरूद्धका र युद्ध अपराधमा संलग्न व्यक्ति तथा पाकिस्तानी सैनिकका विरूद्धमा छानबिन गरी मुद्दा चलाउन सन् १९७३ मा एक ट्राइबुनल गठन गरिएको थियो र उक्त ट्राइबुनल प्रभावकारी नभएकाले सन् २००९ मा International Crimes (Tribunals) Act (ICT Act 1973) मा संशोधन गरी यो कामलाई अगाडि बढाइएको छ । बंगलादेश राज्यको स्थापनालाई नै अस्वीकार गर्ने इस्लाकिम दलका नेतालगायत युद्ध अपराधमा संलग्न पाकिस्तानी विरूद्ध यो छानबिन र कानुनी कारबाही केन्द्रित रहेको उल्लेख छ ।

**बोलिभिया** : ल्याटिन अमेरिकी देश बोलिभिया १९६७ देखि १९८२ को अवधिमा भएका पटक-पटकका सैनिक विद्रोह, राजनीतिक अस्थिरता र भ्रष्ट सरकारले गरेका मानव अधिकारको गम्भीर उल्लंघन व्यक्ति हत्या र बेपत्तासम्बन्धी घटनाका विषयमा छानबिन गर्न सन् १९८२ मा बेपत्तासम्बन्धी छानबिन गर्न राष्ट्रिय आयोग गठन भएको थियो । तर यसको समयावधि नसकिँदै यसलाई प्रतिबन्धित गरियो र यसले कुनै पनि प्रतिवेदन दिन सकेन । तथापि १ सय ५५ वटा बेपत्तासम्बन्धी

केसहरू अभिलेख गरेको थियो ५६ जना पूर्वसरकारी अधिकारीविरूद्ध मुद्दा दायर गरिएको र त्यसमध्ये ४८ जनालाई सजाय गरिएको उल्लेख छ ।

**ब्राजिल** : सन् १९६४ देखि १९८८ सम्म सैनिक शासनको अवधिमा भएका मानव अधिकारको उल्लंघनका घटनाहरूको छानबिन गर्न राष्ट्रिय सत्य निरूपण आयोगको गठन गरिएको थियो । उक्त आयोगको कार्यावधि २ वर्षको रहेको थियो । उक्त आयोगले सन् २०१४ मा आफ्नो प्रतिवेदन पेस गरेको थियो । प्रतिवेदनमा ३ सय ३७ जना सरकारी व्यक्तिहरू मानव अधिकारको उल्लंघनका कार्यमा संलग्न रहेको र ४ सय ३४ विपक्षी दलका व्यक्तिहरूको हत्या गरिएको उल्लेख छ । सन् १९७९ मा आम माफी सम्बन्धी कानुन पारित गरी सन् १९६१ देखि १९७९ सम्मका घटनामा संलग्न सबैलाई आम माफी दिइएको थियो ।

**क्यानडा** : क्यानेडियन स्कुल प्रणालीमा क्यानेडियन इन्डियन मूलका विद्यार्थीविरूद्ध भएको विभेदका सम्बन्धमा छानबिन गरी सिफारिस गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो । उक्त आयोगले स्कुल प्रणाली सुधारलगायत क्यानेडियन इन्डियन मूलका विद्यार्थीलाई ध्यानमा राखी ९४ वटा सिफारिस गरेको थियो ।

**चाड** : पूर्वराष्ट्रपति हिसेन हाब्रेको शासन अवधि (सन् १९८२ देखि १९९० सम्म) मा भएका मानव अधिकारको उल्लंघन हत्या यौन हिंसालगायतका घटनाहरूका सम्बन्धमा छानबिन गर्न सन् १९९० मा छानबिन आयोगको गठन गरिएको थियो । उक्त आयोगको प्रतिवेदनमा हिसेन हाब्रेको शासनकालमा चालीस हजार व्यक्तिहरूको हत्या गरिएको उल्लेख छ । सन् २००८ मा चाडको फौजदारी न्यायालयले उक्त अभियोगमा हिसेन हाब्रेलाई मृत्यु दण्डको सजाय दिइएको थियो ।

**कोलम्बिया** : कोलम्बियन सरकार तथा विद्रोही पक्षबीच भएको द्वन्द्वको कारण दुई लाखभन्दा बढी व्यक्तिहरूको मृत्यु भएको र प्रत्येक ५ जनाको मृत्युमा ४ जना व्यक्ति निशस्त्र रहेको उल्लेख छ । उक्त अमानवीय घटनाहरू छानबिन गर्न राष्ट्रियस्तरबाट सम्भव नभएको कारण राष्ट्रिय आयोगलाई छानबिनमा सहयोग गर्न संयुक्त राष्ट्रसंघको उच्चायुक्तको कार्यालयले सहयोग गरिरहेको र यसको मुख्य उद्देश्य पीडित व्यक्तिहरूलाई परिपूरण उपलब्ध गराउने रहेको छ ।

**कङ्गो** : कङ्गोमा भएको द्वन्द्वमा भएका घटनाहरूको छानबिनका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग गठन भएको भए पनि निरन्तरको द्वन्द्व र अस्थिर सरकारको कारण उक्त आयोगले प्रभावकारी रूपले कार्य सम्पादन गर्न सकेन र आफ्नो मुख्य उद्देश्यबाट कोर्स परिवर्तन गर्दै द्वन्द्व रोकथान र मध्यस्थतातर्फ लक्षित भएको छ ।

**चिली** : अगस्टो पिनोचेटको शासनकालमा भएका गम्भीर अपराध हत्या बेपत्तालगायतको अनुसन्धान गर्न सन् १९९० मा सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरिएको थियो । उक्त आयोगले सन् २००४ र २००५ मा आफ्नो प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त प्रतिवेदनको सिफारिसका आधारमा सरकारले पीडित व्यक्तिहरूलाई पेन्सन र अन्य सुविधा दिएको छ ।

**चेक रिपब्लिक** : कम्युनिस्ट शासनकाल (१९४८-१९८९) सम्म भएका घटनाहरू अनुसन्धान गर्ने जिम्मेवारी चेक क्रिमिनल प्रहरी अन्तर्गतको एक डिभिजनलाई दिइएको थियो ।

**इक्वेडर** : सन् १९८४ देखि १९८८ सम्ममा भएका मानव अधिकारको उल्लंघनका घटनाहरूका सम्बन्धमा अनुसन्धान गर्न सत्य निरूपण आयोगको गठन गरिएको थियो । उक्त आयोगले आफ्नो कार्य सम्पन्न नगर्दै सन् १९९७ मा यसलाई खारेज गरिएको थियो ।

**एलसाल्भाडोर** : चापुलटेपेक शान्ति सम्झौताका आधारमा सत्य निरूपण आयोगको स्थापना गरिएको थियो । आयोगको सिफारिस उल्लेख भएअनुसार ८५ प्रतिशत घटनाहरूमा सरकारी पक्षको संलग्नता रहेको निष्कर्षका आधारमा त्यस्तो कार्यमा संलग्न सरकारी अधिकारीलाई सरकारी सेवाबाट निष्कासन गर्न र सेवामा रहन अयोग्य हुने सिफारिस गरेको थियो । साथै न्याय प्रणालीमा सुधार गर्न पनि सिफारिस गरिएको उल्लेख छ ।

**फिजी** : सन् २००० मा फिजीमा भएको सैनिक विद्रोहका सम्बन्धमा अनुसन्धान गर्नका लागि आयोग गठन गर्ने तथा सो कार्यमा संलग्नलाई आम माफी दिनेसम्बन्धी विधेयकमा सहमति हुन नसक्दा अनुसन्धानका लागि आयोग गठन गर्ने कानुनी आधार तयार हुन सकेन ।

**गाम्बिया** : सन् १९९४ देखि २०१७ सम्म भएका मानव अधिकारको उल्लंघनसम्बन्धी घटनाका विषयमा अनुसन्धान गर्न सत्य निरूपण मेलमिलाप

तथा परिपूरण आयोगको गठन गरिएको र उक्त आयोगले २०१८–२०१९ सम्ममा अन्तरिम प्रतिवेदन बुझाएको थियो ।

**जर्मनी** : सन् १९९२ मा भएको जर्मन एकीकरणपश्चात् पूर्वी जर्मनी भएका अपराधहरूको सम्बन्धमा अनुसन्धान गर्न छानबिन आयोगको गठन गरिएको थियो । उक्त आयोगले देहायका सिफारिस गरेको थियो :

- अक्टोबर ३ तारिखलाई एकीकरण दिवस घोषणा,
- जनचेतनाका लागि सूचना केन्द्र स्थापना,
- ऐतिहासिक जानकारी प्रवाह गर्दै साझा राजनीतिक संस्कारको विकास,
- पूर्वी युरोपियन देशहरूसँग सूचना आदानप्रदान,

आयोगका सिफारिस कार्यान्वयन गर्दै दिगो आधार तयार गर्ने तथा पीडितहरूलाई आवश्यक सहयोग प्रदान ।

**घाना** : राष्ट्रिय मेलमिलाप आयोग ऐनअनुसार सन् १९५७ देखि १९९३ बीचमा भएका मानव अधिकार उल्लंघनलगायतका घटनाहरूको छानबिन गरी उपयुक्त सिफारिस गर्न राष्ट्रिय मेलमिलाप आयोगको स्थापना गरिएको थियो । उक्त आयोगले दुई हजार एक सय २९ जना पीडित र ७९ जना पीडकसँग सम्पर्क गरी बयान लिएको थियो भने दुई हजार सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरेको थियो । आयोगले विस्तृत परिपूरणका लागि सिफारिस गरेको र स्मारकहरूको निर्माण, आपसी मेलमिलाप र मौद्रिक क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गरेको थियो । सन् २००७ को जुनसम्ममा सबैलाई परिपूरण उपलब्ध गराइएको पनि उल्लेख छ ।

**ग्वाटेमाला** : सन् १९५० देखि १९७० को अवधिमा भएका हत्या, हिंसालगायत मानव अधिकारको दुरूपयोगका घटनाका विषयमा अनुसन्धान गर्न एक आयोगको स्थापना गरिएको थियो । उक्त प्रतिवेदनमा राज्यका निकायहरू नै मानव अधिकारको दुरूपयोगमा संलग्न रहेको उल्लेख गरेको छ । उक्त अवधिमा दुई लाख व्यक्तिहरूको हत्या गरिएको उल्लेख छ । स्मारक, पार्कको निर्माण र पीडितलाई परिपूरण उपलब्ध गराउन सिफारिस गरिएको थियो । साथै आपसी सम्मानको संस्कृति विकास गर्न र राज्यका निकायहरूको सुदृढीकरण गर्न पनि सिफारिस गरेको उल्लेख छ । आयोगलाई दिइएको अधिकारमा पीडकको नाम उल्लेख गर्न नपाइने भएकाले प्रतिवेदनमा पीडकको नाम समावेश गरिएको

छैन ।

**हाइटी** : हाइटीको सैनिक शासनले सन् १९९१ देखि १९९४ सम्मको सैनिक शासनको क्रममा भए गरेका मानव अधिकारको उल्लंघन, हत्या बलात्कारलगायतका अपराध र सो अपराधमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले संलग्न व्यक्तिहरूका सम्बन्धमा अनुसन्धान गरी मुद्दाका लागि सिफारिससमेत गर्ने उद्देश्यले राष्ट्रिय सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरिएको थियो । आयोगको प्रतिवेदनमा पीडकको नाम र घटनासमेत उल्लेख गरी कानुनी कारबाही गर्न सिफारिस गरिएको थियो । यो प्रतिवेदनका आधारमा सैनिक विद्रोह र अपराधमा संलग्नउपर मुद्दा दायर गर्न अन्तर्राष्ट्रिय ट्राइबुनलसमेतको गठन भएको उल्लेख छ । साथै परिपूरणको कार्यक्रमका लागि परिपूरण आयोग गठन गर्न पनि सिफारिस गरिएको थियो ।

**होन्डुरस** : राष्ट्रिय मेलमिलाप तथा लोकतन्त्रको सुदृढीकरणसम्बन्धी सम्झौताका आधारमा सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरिएको थियो । राष्ट्रपतिलाई अपदस्थ गरिएको कार्यलाई संविधानविपरीतको कार्य भएको र कंग्रेसले विवाद समाधान गर्ने भूमिका निर्वाह गर्न असफल भएको पनि प्रतिवेदनमा औंल्याइएको छ । साथै सैनिक विद्रोहमा २० जना व्यक्तिको हत्या भएको र सैनिक विद्रोहमा संलग्न सबैलाई राष्ट्रपतिको आदेशले आम माफी दिइएको थियो ।

**आयरल्यान्ड** : गुड फ्राइडे सम्झौताबमोजिम आयरल्यान्डमा शान्ति स्थापनाको पहललाई मजबुत बनाउनका लागि शान्ति तथा मेलमिलाप मञ्चको स्थापना गरिएको थियो । यसको प्रमुख उद्देश्य अविश्वास हटाउने समान अधिकार र पहिचानको प्रवर्द्धन गर्ने रहेको थियो ।

**केन्या** : केन्याको २००७ को निर्वाचनमा भएको मानव अधिकार उल्लंघन र हिंसाको बारेमा अनुसन्धान गर्न सत्य अन्वेषण, न्याय र मेलमिलाप आयोगको गठन गरिएको थियो र त्यो आयोगले सन् २००८ मा आफ्नो प्रतिवेदन पेस गरेको थियो । राष्ट्रपतिसमक्ष पेस गरिएको प्रतिवेदनमा दोषी व्यक्तिहरूको नाम समावेश गरिएन । तर दोषीहरूको नाम समावेश भएको बन्द सूची कोफी अन्नानलाई दिइएको र कोफी अन्नानले उक्त बन्द सूची अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोजकलाई दिइएको थियो र जुलाई २०१० भित्र मुद्दा चलाउनका लागि न्यायाधीकरण गठन गर्नुपर्ने अन्यथा अन्तर्राष्ट्रिय फौजदारी

अदालतले त्यो विषयलाई हेर्ने चेतावनी दिइएको थियो ।

**लाइबेरिया** : सन् २००५ मा लाइबेरिय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको र उक्त आयोगले सन् २०१० मा सरकारसमक्ष अन्तिम प्रतिवेदन बुझाएको थियो । लाइबेरिया आयोगले मानव अधिकारको उल्लंघन गर्नेलाई जिम्मेवार बनाउन र पीडितलाई परिपूरण उपलब्ध गराउन सिफारिस गरेको थियो । दोषी देखिएका व्यक्तिहरूलाई सरकारी वा सार्वजनिक पद वा निर्वाचनका लागि ३० वर्षसम्म अयोग्य गर्नुपर्ने सिफारिस गरेको थियो । तर लागु हुन सकेन । हिंसा र अपराधका प्रमुख जिम्मेवार व्यक्ति चार्ल्स टेलरको हकमा सिएरालियोनका लागि गठित विशेष अदालतमा मुद्दा दायर भएकाले लाइबेरिय आयोगले निजको बयानसम्म लिन सकेन । आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने वा नगर्ने विषयमा जनताको राय लिने भनी लाइबेरिय संसद्ले घोषणा गरेको उल्लेख छ ।

**मौरिसस** : वर्षौंदेखि मौरिससमा भइरहेको सामाजिक आर्थिक विभेदका विषयमा छानबिन गरी सिफारिससहितको प्रतिवेदन पेस गर्न सन् २००९ मा सत्य र न्याय आयोगको गठन गरिएको थियो । उक्त आयोगले ३ सय ७० वर्षदेखि मौरिससमा भएको सामाजिक, आर्थिक विभेदका विषयमा छानबिन गरी वर्षौंदेखि विभेद र अन्यायमा पारिएका खासगरी ऊखु खेतीमा काम गर्ने, दास–दासी बनाइएकालाई उचित परिपूरण उपलब्ध गराउन सिफारिस गरेको छ ।

**मोरोक्को** : १९५६ र १९९९ स्वतन्त्रता आन्दोलन दबाउन भएका घटनाहरू खासगरी उक्त अवधिमा बेपत्ता पारिएका व्यक्तिहरूका विषयमा छानबिन गर्न एक आयोगको गठन गरिएको थियो । आयोगले सन् २००५ मा आफ्नो प्रतिवेदन पेस गरेको थियो । प्रतिवेदनमा उल्लेख भएअनुसार बेपत्ता पारिएका ७ सय ४२ जना व्यक्तिहरूको मृत्यु भएको निष्कर्ष रहेको छ । परिपूरणका लागि १६ हजार अनुरोध प्राप्त भएको र त्यसमध्ये ९ हजार ७ सय ७९ लाई परिपूरण उपलब्ध गराउन सिफारिस गरिएको र केही समुदायलाई सामुदायिक प्रकृतिका परिपूरण उपलब्ध हुन पनि सिफारिस गरेको थियो ।

**न्युजिल्यान्ड** : बेलायत र न्युजिल्यान्डको माउरीसँग सन् १८४० मा सम्पन्न भएको वेन्टाङ्गी सन्धिको उल्लंघनका विषयमा छानबिन गर्न सन् १९७५ मा वेन्टाङ्गी ट्राइबुनल गरिएको थियो । उक्त ट्राइबुनल न्यायिक प्रकृतिको नभएको र यसले सन्धिको पालनाका विषयमा मात्र छानबिन गरी सिफारिस गर्ने अधिकार

दिइएको थियो ।

**नाइजेरिया** : सैनिक सत्ताले गरेको मानव अधिकारको उल्लंघनका घटनाहरूका विषयमा अनुसन्धान गर्न सन् १९९९ मा मानव अधिकार उल्लंघनसम्बन्धी छानबिन आयोग गठन गरिएको थियो । समितिले मानव अधिकारका उल्लंघनका सम्बन्धमा १० हजार प्रमाणहरू संकलन गरिएको र सँगसँगै देशव्यापीरूपमा सार्वजनिक सुनुवाइसमेत आयोजना गरिएको थियो । मानव अधिकारको उल्लंघनका अधिकांश घटनामा नाइजेरिया सैनिकको संलग्नता रहेको देखाएको छ ।

**पानामा** : सन् १९६८ र १९८९ को सैनिक शासनको अवधिमा भएका मानव अधिकारको उल्लंघनका विषयमा छानबिन गर्न पानामा सत्य निरूपण आयोगको गठन गरियो । उक्त अवधिमा १ सय १० वटा मानव अधिकार उल्लंघनका घटनाहरू भएको र त्यसका लागि सैनिक शासक नै जिम्मेवार रहेको उल्लेख छ ।

**पाराग्वे** : सन् २००३ मा सत्य तथा न्याय आयोग गठन गरियो । पाराग्वेको सैनिक शासन अवधिमा १९ हजार ८ सय ६२ व्यक्तिलाई जबर्जस्ती थुनामा राखिएको, १८ हजार ७ सय ७२ जनालाई यातना दिइएको, ५९ जनालाई मृत्यु दण्ड दिइएको र ३ सय ३६ जनालाई बेपत्ता पारिएको उल्लेख छ । आयोगले कानुनी कारबाहीका लागि सिफारिस गरेको भए पनि त्यसको कार्यान्वयन हुन सकेन ।

**पेरू** : सन् १९८० र १९९० को दशकमा पेरूमा भएका हत्या हिंसालगायत मानव अधिकारको उल्लंघनका घटनाहरूको अनुसन्धान गर्ने उद्देश्य सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरिएको थियो । उक्त आयोगको प्रतिवेदनका अनुसार ८० को दशकमा ६१ हजार ७ जना र ९० को दशकमा ७७ हजार ५ सय ५२ व्यक्तिको हत्या भएको र लाखौंको संख्यामा बेपत्ता भएको उल्लेख छ । उक्त द्वन्द्वमा समाजका गरिब र पिछडिएका वर्ग सबैभन्दा बढी प्रभावित भएकाले परिपूरण एवम् क्षतिपूर्ति दिन र राष्ट्रिय एकता तथा मेलमिलापको वातावरण तयार गर्न सिफारिस गरिएको थियो । आतंकवादविरोधी अदालतले साइनिङ्ग पाथका उच्च नेतृत्वलाई आजीवन काराबासको सजायसमेत गरेको थियो ।

**पोल्याण्ड** : नाजी तथा कम्युनिस्टले गरेका अपराधको सम्बन्धमा अनुसन्धान गर्ने; अभिलेख राख्ने र त्यसको प्रचारप्रसार गर्ने उद्देश्यले राष्ट्रिय संस्मरण आयोगको गठन गरिएको छ ।

**रूआन्डा** : रूआन्डामा भएको आम नरसंहार हिंसालगायतका घटनाहरूको छानबिन र अनुसन्धान गर्न सन् १९९९ मा राष्ट्रिय एकता तथा मेलमिलाप आयोगको गठन गरिएको थियो भने सन् २००२ मा यसलाई स्थायी आयोगमा परिणत गरिएको छ । हुत्सु र तुत्सीबीचको द्वन्द्वको कारण २ हजारभन्दा बढी सर्वसाधारणको हत्यामा सरकारको प्रत्यक्ष संलग्नता रहेको र त्यसमा अधिकांश तुत्सी समुदायका व्यक्तिहरू रहेका थिए । यसका लागि सरकार र सबै तहका सरकारी कर्मचारीहरू जिम्मेवार रहेको उल्लेख गरिएको छ । उक्त नरसंहारमा संलग्नलाई कानुनी कारबाही गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालत (रूआन्डा) गठन गरिएको र राष्ट्रियस्तरमा पनि ट्राइबुनल गठन गरी कानुनी कारबाही गरिएको उल्लेख छ ।

**सिसिलिस** : सन् १९७७ को सैनिक विद्रोहका सम्बन्धमा अनुसन्धान र छानबिन गर्ने प्रयोजनका लागि सत्य निरूपण मेलमिलाप तथा राष्ट्रिय एकता आयोगको गठन गरिएको छ । यो आयोगले सन् २०२१ भित्र प्रतिवेदन तयार गरिसक्ने जनाइएको छ ।

**सोलोमन आइल्यान्ड** : सन् १९९९-२००४ भित्र भएका घटना र मानवीय पीडाका विषयमा अनुसन्धान र छानबिनका लागि सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गरिएको र सन् २०१० देखि आयोगले सार्वजनिक सुनुवाइका कार्यक्रम सञ्चालन गरेको भनिएको छ । आयोगले सन् २०१३ मा अनौपचारिक रूपमा प्रतिवेदन पेस भएको उल्लेख छ । साथै आम माफी दिने विषयमा पनि व्यापक छलफल जारी रहेको बताइएको छ ।

**दक्षिण अफ्रिका** : रङ्गभेद नीति र व्यवहारको कारण दक्षिण अफ्रिकामा परेको प्रभावका विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न देसामन टुटको नेतृत्वमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो । आयोगको प्रतिवेदनपश्चात् पीडित र पीडकबीच मेलमिलाप र पीडितलाई परिपूरणलगायत आवश्यक क्षतिपूर्ति दिइएको थियो । राष्ट्रिय मेलमिलाप र एकता कायम राख्न सबै दोषीहरूलाई राष्ट्रपति नेल्सन मण्डेलाले आम माफी दिनुभएको थियो । यसरी मेलमिलाप र आममाफीको माध्यमबाट दक्षिण अफ्रिकाको द्वन्द्व र

रङ्गभेदले सिर्जना गरेको प्रभावलाई व्यवस्थापन गरिएको थियो ।

**दक्षिण कोरिया** : सन् १९७५ र १९८७ मा तानाशाही शासकद्वारा भएका शङ्कास्पद हत्यालगायतका विषयमा अनुसन्धान गर्न र त्यसको आधारमा सिफारिस पेस गर्न सन् २००० मा दक्षिण कोरियामा सत्य निरूपण आयोग गठन गरिएको थियो । उक्त आयोगको प्रतिवेदनका अनुसार ५२ व्यक्तिको हत्याका लागि तत्कालीन तानाशाही शासक जिम्मेवार भएको उल्लेख छ । तर घटनामा जिम्मेवारलाई कानुनी कारबाही गरिएन ।

**श्रीलंका** : श्रीलंकामा भएको २६ वर्ष लामो गृह युद्धका समयमा भएका घटनाको विषयमा छानबिन गर्न सन् २००२ मा "The Commission of Inquiry on Lessons Learnt and Reconciliation" गठन गरिएको थियो । उक्त आयोगले १८ महिना लामो छानबिनपश्चात् २५ नोभेम्बर २०११ मा राष्ट्रपतिसमक्ष आफ्नो प्रतिवेदन पेस गरेको थियो । छानबिनको क्रममा एक हजार मौखिक र पाँच हजर लिखित निवेदनहरू प्राप्त भएको उल्लेख गरिएको छ । उक्त प्रतिवेदनलाई त्यहाँको संसद्मा पेस गरिएको उल्लेख छ ।

**ताइवान** : कुमिङ्ताङ शासनकालमा सजाय गरिएका विषय छानबिन गर्न सन् २०१८ ताइवानमा संक्रमणकालीन न्याय आयोगको गठन गरिएको थियो । राजनीतिक आधारमा सजाय दिइएका ५ हजार ८ सय ३७ व्यक्तिहरूलाई आयोगको प्रतिवेदनको आधारमा सजायबाट माफी दिइएको थियो ।

**टिमोर लिस्ते** : सन् १९७४ देखि १९९९ को अवधिमा पूर्वी टिमोरमा भएका मानव अधिकारको उल्लंघनसम्बन्धी अपराधको अनुसन्धान गरी सिफारिस गर्न "The Commission for Reception, Truth, and Reconciliation" को गठन भएको थियो । उक्त अवधिमा अनुमानित रूपमा दुई लाखको संख्यामा हत्या भएको लगायत मानव अधिकारको उल्लंघनसम्बन्धी घटनाका विषयमा अनुसन्धान गरी सिफारिस गर्ने जिम्मेवारी दिइएको थियो । आयोगको सिफारिसअनुसार १ लाख २ हजार ८ सय जना व्यक्तिहरूको मृत्युको प्रत्यक्ष कारण इन्डोनेसियन हस्तक्षेप रहेको उल्लेख गरिएको छ । साथै आयोगले परिपूरण कार्यक्रम सञ्चालन गर्न र मृत्यु भएका व्यक्तिहरूको नाममा स्मरण तथा संग्रहालय निर्माण गर्न पनि सिफारिस गरिएको छ ।

**टोगो** : सन् १९५८ देखि २००९ सम्ममा भएका राजनीतिक हिंसाका विषयमा

अनुसन्धान गरी प्रतिवेदन पेस गर्न सन् २००९ मा “The Truth, Justice and Reconciliation Commission of Togo” को स्थापना गरियो । उक्त आयोगले ६८ वटा सिफारिस गरेको थियो, जसमा मानव अधिकार र कानुनी शासनको संस्कृति विकास गर्ने तथा पीडितलाई परिपूरण उपलब्ध गराउन सिफारिस गरिएको छ ।

**ट्युनिसिया** : सन् २०१४ मा ट्युनिसियामा “The Truth and Dignity Commission” को स्थापना गरियो । उक्त आयोग गठनको उद्देश्य सन् १९५५ देखिका मानव अधिकार उल्लंघनका घटनाहरू उपर छानबिन गरी क्षतिपूर्ति र पुनः स्थापनाका लागि सिफारिस गर्ने रहेको थियो । उक्त प्रतिवेदनमा उल्लेख भएअनुसार ट्युनिसियामा दण्डहीनताको अवस्था रहेकाले त्यसको अन्त्य गर्न दोषीहरूलाई जिम्मेवार बनाइनुपर्ने र राज्यका निकायहरू न्यायपालिका, सैनिक संगठन प्रशासन प्रहरीमा व्यापक सुधार गर्न र कानुनको शासन स्थापित गर्न सिफारिस गरिएको उल्लेख छ ।

**युगान्डा** : युगान्डा स्वतन्त्र भएदेखि सन् १९८६ (मुसेभेनी) सम्म भएका मानव अधिकारको उल्लंघनका घटनाहरूको विषयमा छानबिन गर्न “The Commission of Inquiry into Violations of Human Rights” गठन गरिएको थियो । यो आयोगलाई नागरिकलाई जबर्जस्ती पक्राउ गरी थुनामा राखिएको तथा हत्या गरिएका विषयमा पनि अनुसन्धान गर्ने अधिकार दिइएको थियो । यो समितिले बिना सुनुवाइ थुनामा राख्ने कानुन खारेज गर्न मानव अधिकारका विषयलाई स्कुल तथा कजेलको पाठ्यक्रममा समावेश गर्न सिफारिस गरेको थियो । बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा अनुसन्धान गर्न उरूग्वेमा पहिलो पटक सन् १९८५ मा The Investigative Commission on the Situation of Disappeared People को गठन गरिएको थियो । उक्त आयोगले सन् १९७२ देखि १९८३ सम्मको अवधिमा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा अनुसन्धान गरी प्रतिवेदन पेस गरेको थियो । पुनः सोही अवधिमा भएका घटना खासगरी बेपत्ता पारिएका २ सय व्यक्तिका सम्बन्धमा अनुसन्धान गरी प्रतिवेदन पेस गर्न शान्ति आयोगको गठन गरियो । उरूग्वेका नागरिकहरूलाई चिली, पाराग्वे, ब्राजिल, कोलम्बिया र बोलिभियामा लगेर गैरकानुनी रूपमा थुनामा राखिएको, यातना दिइएको र हत्या गरिएको उल्लेख छ ।

**संयुक्त राज्य अमेरिका** : सन् १९७९ मा अमेरिकाको ग्रिन्सबोरोमा भएको

नरसंहार (हत्याकाण्ड) का विषयमा छानबिन गर्न गैरसरकारीस्तरको सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो ।

**युगोस्लाभिया** : सन् १९९९ मा युगोस्लाभियामा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिएको उल्लेख छ, तर उक्त आयोगले आफ्नो कार्य पूरा गर्न सकेन । युगोस्लाभियाको सन्दर्भमा अन्तर्राष्ट्रिय ट्राइबुनल गठन गरिएको थियो । यस विषयमा अन्तर्राष्ट्रिय ट्राइबुनलको सन्दर्भमा उल्लेख भएको छ ।

## ३.५ अन्तर्राष्ट्रिय अनुभव र अभ्यासको निचोड :

अन्तर्राष्ट्रिय अनुभव र अभ्यासलाई विश्लेषण गर्दा परिपूरण र मेलमिलापको मार्ग अवलम्बन गरिएका देशहरूमा द्वन्द्व व्यवस्थापनको कार्य बढी प्रभावकारी भएको देखिन्छ ।

आन्तरिक रूपमा राजनीतिक मेलमिलाप र स्थायित्वका लागि छानबिनपश्चात् पनि आम माफी दिइएको देखिन्छ । द्वन्द्व व्यवस्थापनमा यो अवधारणाले सकारात्मक वातावरण तयार गरेको अन्तर्राष्ट्रिय अनुभव देखाएको छ ।

द्वन्द्वकालीन मुद्दाहरूको छानबिन र मुद्दा चलाउने सन्दर्भमा सबै राजनीतिक दलबीचको सहमतिबाट टुङ्ग्याइएका देशहरूमा यो कार्य सफल र प्रभावकारी भएको छ ।

आवश्यकता भन्दा बढी अन्तर्राष्ट्रिय संलग्नताले अनुसन्धानको कार्यलाई निष्कर्षमा पुऱ्याउन खासै मद्दत गरेको छैन ।

द्वन्द्वकालीन समयका घटनाहरूको छानबिनमा नजिकका छिमेकी देशहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुनेछ ।

आममाफी र पीडितका लागि उचित क्षतिपूर्ति एवम् परिपूरणको अवधारणा सबैभन्दा बढी प्रभावकारी भएको र यो अवधारणाले दिगो शान्ति स्थापनामा महत्वपूर्ण भूमिका पुऱ्याएको छ ।

# भाग ४

# संक्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतको निर्देशन र भूमिका

## ४.१ संक्रमणकालीन न्यायका सबालमा सर्वोच्च अदालतबाट भएका निर्णयहरू :

नेपालले भोगेको दश वर्ष लामो द्वन्द्वको अवधिमा नेपाली जनताका मानव अधिकार तथा संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको गम्भीर उल्लंघन भएको थियो । द्वन्द्वको अवधिमा पनि न्यायको याचनासहित सर्वोच्च अदालतमा पेस भएका दर्जनौं रिटहरू पेस भएका र ती रिटहरूका सन्दर्भमा सर्वोच्च अदालतबाट केही उदाहरणीय निर्णयहरू भएका छन् । ती निर्णयहरू मानव अधिकारको संरक्षण, द्वन्द्वको व्यवस्थापन र संक्रमणकालीन न्यायसम्बन्धी नीति तथा पद्धतिको कार्यान्वयन र त्यससम्बन्धी संरचनाको निर्माण अहम् भूमिका पनि रहेको छ । यस विषयका केही उदाहरणीय र सान्दर्भिक निर्णयका अंशहरू यो अध्ययनमा राख्ने प्रयास गरिएको छ ।

राजेन्द्रप्रसाद ढकालविरूद्ध गृह मन्त्रालयसमेत (नेकाप २०६४ अङ्क २ नि. नं ७८१७) :

बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको संरक्षणसम्बन्धी ऐन कार्यान्वयनका लागि सोही ऐनमा वा छुट्टै रूपमा बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको सम्बन्धमा छुट्टै जाँचबुझ आयोग गठन गर्ने व्यवस्था समावेश गर्न वाञ्छनीय हुँदा यस किसिमको समस्याको जाँचबुझ गर्न छुट्टै अधिकार सीप र प्रक्रिया आवश्यक हुने भएकाले Criteria for Commission on Enforced Disappearance लाई नेपालको सन्दर्भमा पनि मार्गनिर्देश सर्तका रूपमा अवलम्बन गर्न उपयुक्त हुनेछ ।

बेपत्ता पारिएका व्यक्तिहरूलाई संरक्षण गर्ने र न्याय दिने विषय राज्यका सबै अङ्गको उत्तरदायित्व हुने भएकाले संविधान अनुरूपको कार्यमा ती अङ्कबाट सकारात्मक भूमिका निर्वाहको आशा एवं विश्वास गर्नु रिट निवेदकको स्वाभाविक र वैध अपेक्षा भएकाले यस विषयमा कानुन निर्माण गर्न नेपाल सरकारले विशेष पहल गर्न जरूरी हुनेछ ।

देवी सुनारविरूद्ध जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक (नेकाप २०६४ अङ्क ६ नि. नं ७८५७) :

मैना सुनुवारको मृत्यु नेपाली सेनाले गरेको सोधपुछको क्रममा भएको र उक्त सोधपुछ लापरबाही, लहडबाजी, गलत विधि, प्रक्रिया र विवेकहीन तरिकाबाट भएको तथ्य जनरल सैनिक अदालतको फैसलाबाट नै स्पष्ट भइसकेको छ । मृत्युजस्तो गम्भीर कार्य जुनसुकै अधिकारीका कारणबाट भएको भए पनि त्यस्तो

कार्यका लागि मुद्दा चलाउनुपर्ने हो वा होइन भन्ने विषयमा प्रभावकारी तरिकाले अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनुपर्ने भए सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम मुद्दा चलाउनुपर्नेमा लामो समय बितिसक्दा पनि अनुसन्धान तथा तहकिकातको कार्य नै प्रभावकारी रूपमा भएको नदेखिँदा आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र यो विषयको अनुसन्धान पूरा गर्न आदेश दिइएको ।

लीलाधर भण्डारीविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (नेकाप २०६५ अङ्क ९ नि. नं ८०१२) :

संक्रमणकालीन न्याय सम्पादन गर्दा द्वन्द्वकालका सबै घटनाहरूलाई समग्ररूपमा मूल्याङ्कन गरी रणनीति उपचार प्रदान गर्ने दृष्टिकोण लिनुपर्ने हुँदा अपराध अनुसन्धान तथा अभियोजन, सत्यको अन्वेषण, क्षतिपूर्ति, संस्थागत सुधार र परीक्षणलगायतका विविध पक्षहरूलाई चरणबद्धरूपमा विचार गरिनुपर्छ । द्वन्द्वका कारण जे भए पनि व्यक्तिको जीउज्यान र सम्पत्तिको हक अधिकार सुरक्षित रहन्छन् ।

द्वन्द्व चर्किएको भन्ने कारणले मात्र कसैको वैयक्तिक वा सम्पत्तिसम्बन्धी हकमा हस्तक्षेप वा उल्लंघन गरेको कार्यले वैधता प्राप्त गर्न सक्दैन । त्यसैले द्वन्द्वको सिलसिलामा गरिएको भए पनि कानुन प्रदत्त हक हननका हरेक कार्य गैरकानुनी मानिनेछ र कानुनबमोजिमबाहेक सम्पत्तिको गैरकानुनी कब्जालाई वैध ठहऱ्याउने राजनीतिक वा अन्य चेष्टा मान्य हुन सक्दैन ।

द्वन्द्व व्यवस्थापनका लागि भएको विस्तृत शान्ति सम्झौताले पनि संविधान प्रदत्त सम्पत्तिसम्बन्धी हकको प्रयोग र प्रचलनप्रति प्रतिबद्धता व्यक्त गरेको हुँदा सम्पत्तिको हक प्रचलनका लागि उक्त सम्झौतालाई पनि आनुषाङ्गिक रूपमा अदालतले आधार लिन सक्नेछ ।

बाबुराम गिरीविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०६६ अङ्क ३ नि. नं ८०९६) :

नागरिकप्रति राज्यको अभिभावक सरहको दायित्व रहन्छ । यो दायित्वअन्तर्गत नागरिकको अस्तित्व रक्षाको अधिकार सर्वोच्च स्थानमा रहनेछ । नेपालको प्राचीन कानुनी प्रणालीमा पनि यो दायित्वलाई स्वीकार गरिएको थियो भने आजको विकसित कानुनी व्यवस्थामा यो सिद्धान्तलाई इन्कार गर्ने ठाउँ छैन । राज्य वा अरू कसैद्वारा वा व्यक्ति स्वयं बेपत्ता भएको अवस्थामा पनि व्यक्तिको

स्थिति सार्वजनिक गर्ने दायित्व सरकारको हो । यो दायित्वबाट सरकारले कुनै पनि अवस्थामा उन्मुक्ति प्राप्त गर्न सक्दैन ।

अधिवक्ता सुनिल रञ्जन सिंहविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०६९ अङ्क १२ नि. नं ८९३३)

मानव अधिकारको उल्लंघनमा संलग्न व्यक्तिहरूलाई सार्वजनिक पदमा नियुक्ति वा माथिल्लो पदमा बढुवा गर्दा वा थप जिम्मेवारी दिनुअघि उनीहरूको मानव अधिकार पालनाको अवस्था परीक्षण गरेर (खभततष्लन) मात्र दिने व्यवस्था गर्न आवश्यक कानुन र प्रबन्ध मिलाउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

सार्वजनिक उत्तदायित्व वहन गर्ने व्यक्तिले मानव अधिकारको उल्लंघन गरे वा नगरेका सम्बन्धमा परीक्षण गर्न (खभततष्लन) सम्बन्धी आवश्यक कानुन र मापदण्ड तोकी कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी हुने ।

अधिवक्ता माधवकुमार बस्नेतविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०७० अङ्क ९ नि. नं ९०५१)

मानव अधिकारको गम्भीर उल्लंघन र मानवताविरूद्धका अपराधहरू गम्भीर फौजदारी कसुर हुन् । त्यस्ता अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनको दायराभित्र ल्याउन प्रचलित कानुन अपर्याप्त भएमा नयाँ कानुन निर्माण गरी दण्डहीन अवस्थाको अन्त्य गरिनुपर्छ ।

क्षमदान दिने विषय सत्य निरूपण तथा मेलमिलाप आयोगको स्वेच्छामा छोड्न मिल्दैन, यस्तो व्यवस्थाले दण्डहीनतालाई प्रोत्साहन गर्ने हुँदा ऐनमा आवश्यक परिमार्जन तथा संशोधन गरिनुपर्छ ।

अधिवक्ता गोविन्दप्रसाद बन्दी शर्माविरूद्ध महान्यायाधिवक्ता मुक्तिनारायण प्रधान (नेकाप २०७० अङ्क १२ नि. नं ९०९१)

द्वन्द्वकालीन समयमा भएका मानव अधिकार तथा मानवीय कानुनको उल्लंघन, हत्या, हिंसाजस्ता कसुर र घटनाको छानबिन र सत्यको खोजी संक्रमणकालीन न्यायको संयन्त्रबाट गरिने कुरा विस्तृत शान्ति सम्झौतामा उल्लेख भए पनि त्यस्तो संयन्त्र नबनेको कारणले मात्र उक्त अवधिमा भएगरेका मानव अधिकारको गम्भीर उल्लंघनका कसुरका सम्बन्धमा प्रचलित फौजदारी कानुनबमोजिम अनुसन्धान र अभियोजनको कार्य स्थगन गर्न वा निष्क्रिय गर्न नमिल्ने ।

सुमन अधिकारीविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०७१ अङ्क १२ नि. नं ९३०३)

पीडितको असहमति र गम्भीर प्रकृतिका अपराधमा क्षमादान हुन सक्दैन । यस सम्बन्धमा राजेन्द्र ढकाल, लीलाधर भण्डारी, माधव बस्नेत निवेदक रहेका रिटमा गरिएको व्याख्या विश्लेषण र आदेशलाई आयोगले मार्गदर्शक सिद्धान्तका रूपमा लिनुपर्नेछ ।

गम्भीर प्रकृतिका अपराध स्वयं नै मानव अधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित अपराध हुन् । गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याई सजाय गर्ने आधार खोजी गर्नु आयोगको संवैधानिक तथा कानुनी दायित्व हो । अभियोग नै नलगाई, कसुर नै स्थापित नगरी आममाफी दिएसरह क्षमादान गर्ने आधार र कारणको खोजी गर्न मिल्दैन ।

ऐनको दफा २६ (२) मा प्रयुक्त "आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएमा" भन्ने वाक्यांस र दफा २९ (२) मा प्रयुक्त "नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन" भन्ने वाक्यांस अन्तरिम संविधानका धाराहरू क्रमशः १२, १३, २४ र १३५ विपरीत भएकाले बदर घोषित गरिएको छ ।

अधिवक्ता मीरा ढुङ्गानाविरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०७३ अङ्क ३ नि. नं ८०९६)

गम्भीर अपराधमा उजुरी गर्ने वा जाहेरी दिने हद म्यादलाई सीमित गर्न नहुने भनी माधवकुमार बस्नेत विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय भएको मुद्दामा व्याख्या भइसकेको छ (नेकाप २०७० अङ्क १२ नि.नं ९०५१) ।

सुमन अधिकारीविरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०७३ अङ्क ६ नि. नं ९५७)

राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचयपत्रसम्बन्धी निर्देशिका २०६९, अन्तरिम संविधानको भावनाविपरीत भएकाले त्यसलाई खारेज गरिएको छ र अब अन्तरिम संविधानको धारा ३३ को व्यवस्था र पीडित भएको कारणसमेत उल्लेख गरी परिचयपत्र प्रदान गर्ने व्यवस्थासहितको निर्देशिका जारी गर्ने ।

सुमन अधिकारीविरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०७३ अङ्क १० नि. नं ९९६)

अलग–अलग आन्दोलनबाट पीडित भएका व्यक्तिहरू एउटै प्रकृतिको परिचयपत्र दिने व्यवस्थामा पुनरावलोकन गरी छुट्टै पहिचान (आन्दोलन अनुसारको) खुल्ने गरी परिचयपत्र प्रदान गर्न राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचयपत्रसम्बन्धी निर्देशिका, २०६९ लाई संशोधन वा परिमार्जन गर्ने ।

अनिता घिमिरेविरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०७४ अङ्क १ नि. नं १३४८)

ऐनको दफा १३ (२) र (४) को व्यवस्थाबमोजिम द्वन्द्वकालीन अवधिका मुद्दाहरू अदालतमा विचाराधीन रहेकोमा अदालतको परामर्शमा आयोगमा सर्न सक्ने भनिए पनि उक्त व्यवस्थाले अदालतको क्षेत्राधिकारलाई समाप्त वा अन्त्य गरेको अर्थमा बुझ्न नसकिने हुँदा त्यस्ता मुद्दाहरू आयोगमा हस्तान्तरण हुन नसक्ने र कानुनबमोजिम क्षेत्राधिकार भएको अदालतबाटै न्यायिक निरूपण हुने ।

अदालतमा विचाराधीन मुद्दा (द्वन्द्वसँग प्रत्यक्ष सरोकार रहेका) अदालतको परामर्शमा आयोगले छानबिन गर्ने भनी ऐनको दफा १३ (२) र (४) मा उल्लेख भएको भए तापनि उक्त उपदफाहरूमा "अदालतको परामर्शमा" भन्ने शब्दहरू प्रयोग भएको हुँदा त्यस्ता मुद्दा समर्पण गर्न अदालत बाध्य हुने भनी अर्थ गर्न मिल्दैन । परामर्श भनेको स्वविवेकमा दिइने विषय हो, त्यसलाई बाध्यताका रूपमा लिन नसकिने । (सुमन अधिकारी विपक्ष नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेकाप २०७१ अङ्क १२ नि.नं ९३०३)

**न्यायिक प्रक्रियाका सम्पूर्ण चरणहरू :** फौजदारी न्यायमा प्रतिवादीलाई प्राप्त हुने सम्पूर्ण अधिकार उपयोगको विद्यमानता र आरोपबाट सफाइ पाउन सक्ने अवस्था बाँकी छँदै अघि नै दर्ता भई अदालतमा विचाराधीन मुद्दाको कारबाही रोकी पाउन माग गर्नु कानुनसम्मत नहुने ।

अधिवक्ता विदुरप्रसाद अधिकारीविरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (नेकाप २०७५ अङ्क ५ नि. नं १०००२)

मानव अधिकारको उल्लंघनमा संलग्न व्यक्तिहरूलाई सार्वजनिक पदमा नियुक्ति वा माथिल्लो पदमा बढुवा गर्दा वा थप जिम्मेवारी दिनुअघि उनीहरूको मानव अधिकार पालनाको अवस्था परीक्षण गरेर (vetting) मात्र दिने व्यवस्था गर्न

आवश्यक कानुन र प्रबन्ध मिलाउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

सावित्री श्रेष्ठविरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (सर्वोच्च अदालत संवैधानिक इजलास, रिट ०६८- WS- ०० २ ९ पौष ३ गते २०७२)

संविधानको धारा २७६ बमोजिमको कानुन निर्माण नभएसम्म अदालतको अन्तिम फैसलाबाट ठहर भएको सजाय माफी दिन नमिल्ने ।

के–कस्तो कसुरमा माफी दिन सकिने र के–कस्तो कसुरमा माफी दिन नसकिने हो स्पष्ट व्यवस्थासहितको कानुन निर्माण हुनुपर्ने ।

माफीसम्बन्धी कानुनमा के–कस्ता विषय समेटिनुपर्छ भन्ने कुरो राज्यको नीति विधायिकाको विवेकमा निर्भर हुने हुँदा अदालतले निर्देशित गर्न नमिल्ने ।

अदालतको फैसला स्वीकार गर्ने तर आत्मसमर्पण नगर्ने व्यक्तिका सम्बन्धमा कानुन बनाएर पनि राज्यले सजाय माफी दिन नसक्ने ।

### ४.२ समीक्षा तथा मार्ग निर्देश :

संक्रमणकालीन न्यायका विषयमा सर्वोच्च अदालतबाट प्रशस्त विधिशास्त्रको विकास भएको छ । संक्रमणकालीन न्यायका लागि कानुनको निर्माण र कार्यान्वयनको संरचना तयार गर्ने सन्दर्भमा पनि सर्वोच्च अदालतले नेपाल सरकारलाई महत्वपूर्ण सुझाव दिएको छ ।

सर्वोच्च अदालत माथि उल्लिखित फैसलाहरूमा संक्रमणकालीन न्यायका सबै पक्षमा विस्तृत विवेचना र विश्लेषण गरिएको छ र फैसलामा विवेचित विषयहरूलाई संक्रमणकालीन न्यायको नीति कानुन र रणनीति बनाउँदा ती विषयलाई अनुसरण गर्न पनि निर्देश गरेको छ । संक्रमणकालीन न्यायका **महत्वपूर्ण विषयहरू** : क्षमादान, परिपूरण, द्वन्द्वसँग सरोकार राख्ने अदालतमा विचाराधीन मुद्दाहरू सत्य निरूपण तथा मेलमिलाप आयोगमा हस्तान्तरण हुन सक्ने वा नसक्ने लगायतका विषयमा न्यायिक दृष्टिकोण प्रष्ट्याएको छ ।

संक्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतमा दायर रिट निवेदनमा उठाइएका प्रश्नहरूको न्यायिक निरूपण गर्ने क्रममा गरिएको व्याख्या, विश्लेषण र आदेशलाई आयोगले संक्रमणकालीन न्याय सम्पादनको मार्गदर्शक सिद्धान्तमा अवलम्बन गर्न निर्देश गरेको छ । न्यायिक सक्रियताको माध्यमबाट सर्वोच्च

अदालतले संक्रमणकालीन न्यायका सन्दर्भमा नेपाल सरकार, सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्त पारिएको व्यक्तिको छानबिन आयोग लगायतलाई मार्गनिर्देश गरेको छ । तर यसरी मार्गनिर्देश गर्दाको क्रममा अमूर्त प्रकारका तर्क जस्तै : "परामर्श भनेको स्वविवेकमा दिइने विषय हो, त्यसलाई बाध्यताका रूपमा लिन नसकिने" जस्ता भावपक्ष प्रधान भएका तर्कलाई आधार बनाइएको छ । कानुन व्याख्याले अस्पष्ट व्यवस्थालाई थप स्पष्ट गर्नुपर्नेमा प्रश्न उठाउने, अमूर्त वा द्वैधार्थी तर्कलाई निर्णयका प्रमुख आधार बनाइँदा कार्यान्वयनपक्ष भने केही जटिल र पेचिलो भएको छ ।

क्षमादान दिने विषय सत्य निरूपण तथा मेलमिलाप आयोगको स्वेच्छतामा छोड्न नमिल्ने र यस्तो व्यवस्थाले दण्डहीनतालाई प्रोत्साहन गर्ने हुँदा ऐनमा आवश्यक परिमार्जन तथा संशोधन गर्न अदालतले निर्देशन दिएकाले क्षमादानको विषयमा स्पष्ट कानुनी व्यवस्था आवश्यक हुने पक्षलाई अदालतले इंगित गरेको बुझ्न सकिन्छ ।

मानव अधिकार उल्लंघनका विषयमा छानबिन र सत्यको अन्वेषण गर्ने दायित्व भएको निकायले "क्षमदानको पनि सिफारिस गर्ने" विषयका सम्बन्धमा अदालतले नैतिक दृष्टिकोणबाट प्रश्न उठाएको छ । अर्थात् कसुरको अनुसन्धान गर्ने र क्षमादान दिने विषय एकसाथ एउटै निकायको अधिकारमा राखिएको विषयलाई अदालतले नैतिक पक्षबाट सबाल उठाएकाले आगामी दिन यो विषयलाई गम्भीर रूपले सोच्न आवश्यक भएको छ ।

अदालतमा विचाराधीन मुद्दाहरू अदालतको परामर्शमा मात्र हस्तान्तरण हुनसक्ने र परामर्श बाध्यकारी नहुने धारणा सर्वोच्च अदालतले व्यक्त गरेको छ । सायद संक्रमणकालीन न्यायका लागि स्थापित संयन्त्रले प्रभावकारी काम गर्न नसकेको र न्यायको मर्मप्रति विशेष सतर्क रहँदै मुद्दा हस्तान्तरणप्रति सर्वोच्च अदालतले निरपेक्ष धारणा व्यक्त गरेको हुन सक्छ ।

संक्रमणकालीन न्यायका सबालमा सर्वोच्च अदालतले मार्ग निर्देश गर्दैगर्दा (फैसला, निर्णय र आदेश दिँदा) आवश्यकताभन्दा बढी नै विदेशी कानुन, अन्तर्राष्ट्रिय सन्दर्भ, मानव अधिकार कानुनलाई उद्धरण गर्ने वा मुख्य आधार बनाइएको जस्तो देखिन्छ भने स्थानीय आवश्यकता, राष्ट्रिय परिवेश, सामाजिक अवस्था, दिगो शान्ति र मेलमिलापका स्थानीय आधार एवं सम्भावनाप्रति भने सर्वोच्च अदालत मौन र उदासीन देखिन्छ ।

# भाग- ५

# नेपालको संक्रमणकालीन न्यायसम्बन्धी अवधारणा र व्यवस्था

## ५.१ नेपालमा संक्रमणालीन न्याय : परिचय

नेपालको आर्थिक सामाजिक तथा राजनीतिक व्यवस्थामा परिवर्तनको मागसहित नेपाल कम्युनिस्ट पार्टी माओवादीले २०५२ साल फागुन १ गतेदेखि प्रारम्भ गरेको सशस्त्र द्वन्द्वलाई व्यवस्थापन गर्नका निम्ति नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी माओवादीबीच २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो । शान्ति सम्झौताको दफा. ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरिने उल्लेख भएको थियो । यसरी राजनीतिक पृष्ठभूमिका आधारमा पनि उक्त द्वन्द्वको व्यवस्थापन गर्दै शान्ति कायम गर्न आयोगको गठन अनिवार्य र आवश्यक थियो ।

अन्तरिम संविधानको धारा ३३ (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख भएको छ ।

माथि उल्लिखित राजनीतिक पृष्ठभूमि र अन्तरिम संविधानको धारा ३३ (ध) को कार्यान्वयनका लागि ऐनको दफा ३ बमोजिम यो आयोगको गठन भएको हो ।

## ५.२ नेपालमा संक्रमणकालीन न्याय : कानुनी तथा संस्थागत व्यवस्था :

मिति २०५२ साल फागुन १ देखि २०६३ साल मंसिर ५ भित्र घटित मानव अधिकारको गम्भीर उल्लंघन र मानवता विरूद्धका अपराधका सम्बन्धमा छानबिन, अनुसन्धान गरी सत्यको अन्वेषण गर्ने, समाजमा मेलमिलाप र दिगो शान्तिको वातावरण तयार गर्ने र पीडितलाई न्याय प्रदान गर्ने प्रमुख उद्देश्य प्राप्तिका लागि संक्रमणकालीन न्यायको अवधारणा लागु गर्ने विषय विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएको छ । संक्रमणकालीन न्याय प्रक्रियालाई द्वन्द्व व्यवस्थापन, कानुनको शासन, सामाजिक एकता र शान्ति पुनर्वहालीको प्रमुख संयन्त्रका रूपमा स्वीकार गरिएको छ ।

### ५.२.१ संक्रमणकालीन न्यायसम्बन्धी प्रमुख कानुनी संयन्त्र :

- नेपालको संविधान (२०७२)

- बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२
- अपराधको अनुसन्धान तथा तहकिकातसम्बन्धी प्रचिलत कानुन
- नेपाल पक्षराष्ट्र भएका मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, प्रोटोकल,
- नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता २०६३
- संक्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (नजिर) र निर्देशनात्मक आदेश ।

### ५.२.२ संक्रमणकालीन न्यायसम्बन्धी संस्थागत संयन्त्र :

शान्ति सम्झौता र अन्तरिम संविधानले द्वन्द्वकालीन समयमा भएका मानव अधिकारको गम्भीर उल्लंघन र मानवीय कानुन विपरीतका घटना– कसुरको छानबिन, सत्यको खोज, पीडकलाई कानुनी कारबाही र पीडितलाई न्याय र परिपूरण उपलब्ध गराउने क्षेत्रमा कार्य दुई प्रकारका संयन्त्रको व्यवस्था गरिएको छ । यी संयन्त्रहरूलाई प्रमुख र सहयोगी भूमिका आधारमा दुई भागमा विभाजन गरिएको छ ।

**(क) प्रमुख संयन्त्रहरू :**

संक्रमणकालीन न्याय प्रदान गर्ने सन्दर्भमा सीधा रूपमा हेर्दा दुईवटा आयोग हाम्रो दृष्टमा आउँछन् । तर ती दुई आयोग मात्रको प्रयासले यो जटिल कार्य निष्कर्षमा पुग्न सक्दैन । निश्चय नै यो अभियानको अग्रभाग रहेर काम गर्नुपर्ने निकायमा दुईवटा आयोग नै हुन् । तर ती बाहेक अन्य केही निकायहरू पनि यो आयामका लागि प्रमुख संयन्त्रका रूपमा नै स्वीकार गर्नुपर्ने हुन्छ । संक्रमणकालीन न्यायलाई समष्टिगत रूपमा सम्बोधन गर्न निम्नबमोजिमका निकायहरूलाई प्रमुख संयन्त्रको रूपमा प्रस्तुत गरिएको छ :

**सत्य निरूपण तथा मेलमिलाप आयोग :** व्यक्ति बेपत्ता पारिएको अपराधबाहेकका अन्य विषयमा अनुसन्धान तथा छानबिन र सत्यको अन्वेषण गर्ने प्रमुख दायित्व र जिम्मेवारी यो आयोगको रहेको छ । कार्यबोझका आधारमा पनि यो आयोगको जिम्मेवारी गहन रहेको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग : व्यक्ति बेपत्ता पारिएको एकल अधिकार यो आयोगको रहेको छ र उजुरी संख्याका आधारमा पनि यसको कार्यबोझ सीमित छ ।

**राष्ट्रिय मानव अधिकार आयोग :** दुवै आयोगका सिफारिस कार्यान्वयनको अनुगमन गर्ने दायित्व र जिम्मेवारी मानव अधिकार आयोगलाई दिइएको छ । संक्रमणकालीन न्यायलाई कार्यान्वयन गर्ने सन्दर्भमा यसको भूमिका गहन छ । आयोगका सिफारिस कार्यान्वयनको लेखाजोखा गर्ने सबालमा यो आयोगले अग्रभागमा रहेर जिम्मेवारी निर्वाह गर्नुपर्नेछ । दुवै आयोगले कानुनबमोजिम छानबिन गरी नेपाल सरकारसमक्ष सिफारिस पेस गरेपछि मानव अधिकार आयोगको भूमिका बढ्दै जानेछ ।

**नेपालका अदालतहरू :** संक्रमणकालीन न्यायसम्बन्धी विषयलाई मार्गदर्शन गर्नेदेखि यो विषयलाई निरूपण गर्ने सिलसिलामा सर्वोच्च अदालतको भूमिका महत्व रहेको छ ।

**महान्यायाधिवक्ताको कार्यालय तथा त्यस अन्तर्गतका सरकारी वकिलको कार्यालयहरू :** आयोगको सिफारिसबमोजिम अदालतमा मुद्दा दायर गर्ने, बहस पैरवी गर्ने लगायतका कार्यमा यो कार्यालयको अहम् भूमिका रहेको छ ।

**(ख) सहयोगी संयन्त्र :**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** नेपाल सरकारको प्रमुख प्रशासनिक निकाय तथा सबै कार्यकारी निर्णयको केन्द्र ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय : आयोगको सम्पर्क मन्त्रालय

**गृह मन्त्रालय :** आयोगका सिफारिस कार्यान्वयन गर्ने गराउने दायित्व भएको र द्वन्द्व व्यवस्थापनको नोडल एजेन्सी ।

**परराष्ट्र मन्त्रालय :** अन्तर्राष्ट्रिय सम्पर्क बिन्दु तथा मानव अधिकार तथा मानवीय कानुनका विषयमा नेपालको अवस्थाका बारेका अन्तर्राष्ट्रिय मञ्चमा प्रतिनिधित्व गर्ने निकाय ।

**अर्थ मन्त्रालय :** आयोगका लागि बजेट विनियोजन गर्ने तथा द्वन्द्व व्यवस्थापनका लागि आर्थिक स्रोतको बन्दोबस्त मिलाउने जिम्मेवार निकाय ।

आवश्यकता अनुसार अन्य निकाय तथा कार्यालय ।

## ५.३ संक्रमणकालीन न्यायसम्बन्धी सिद्धान्तहरू :

संक्रमणकालीन न्याय सम्पादनका सिलसिलामा आयोगले देहायका आधारभूत सिद्धान्त अवलम्बन गर्नेछ :

**सत्यको अन्वेषण (Truth Seeking) को अवधारणा :** संक्रमणकालीन न्याय मुख्य र प्रधान पक्ष नै सत्यको खोज र अन्वेषण हो । यो अवधारणालाई नेपालले पनि आत्मसात गरेको छ । यही उद्देश्य र मानवताका निमित्त संक्रमणकालीन न्यायसम्बन्धी संयन्त्रको स्थापना र सञ्चालन गरिएको छ ।

**जवाफदेही र उत्तरदायित्वको सिद्धान्त :** मानव अधिकारको गम्भीर उल्लंघनमा व्यक्तिगत दायित्वको अवधारणा स्वीकार गरिएको छ ।

**परिपूरण तथा पुनर्स्थापनाको सिद्धान्त :** पीडितलाई राहत परिपूरण र क्षतिपूर्तिका माध्यमबाट सम्बोधन गर्ने व्यवस्थालाई ऐनले आत्मसात गरेको छ । त्यसैले

**मेलमिलाप तथा सामाजिक एकीकरणको सिद्धान्त :** पीडितको सहमतिमा मेलमिलाप गराउन सकिने अर्को सिद्धान्तलाई ऐनले स्वीकार गरेको छ । तर मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा मेलमिलाप हुन नसक्ने भनी सर्वोच्च अदालतले न्यायिक व्याख्या दिएको छ ।

**क्षमादानको सिद्धान्त :** केही निश्चित अवस्थामा दोषी व्यक्तिलाई क्षमादान दिन सकिने गरी ऐनले गरेको व्यवस्थालाई सर्वोच्च अदालतले अमान्य घोषित गरिदिएको छ । त्यसैले यो अवधारणा निष्क्रिय भएको मान्न सकिन्छ ।

## ५.४ आयोगका काम, कर्तव्य तथा अधिकार :

(क) मानव अधिकारको गम्भीर उल्लंघनसम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ख) पीडित तथा पीडकको यकिन गर्ने,

(ग) पीडक र पीडितबीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,

(घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,

(च) पीडितलाई परिचयपत्र उपलब्ध गराउने र छानबिनको आधारमा लिइएको निर्णयको जानकारी दिने,

(ङ) विस्तृत छानबिनको काम सम्पन्न भइसकेपछि पीडकलाई कारबाहीका लागि सिफारिस गर्ने ।

## ५.५ नेपालको संक्रमणकालीन न्यायका समस्याहरू :

आयोगमा प्राप्त भएका ६३ हजार ७ सय १८ थान उजुरीसँग सम्बन्धित घटना तथा त्यसमा पीडित व्यक्तिहरूलाई संक्रमणकालीन न्याय निरूपणको कार्य आफैंमा संवेदनशील, जटिल, बहुआयामिक र चुनौतीपूर्ण हुन्छ । उजुरीको छानबिन, अनुसन्धानलगायत कार्य सम्पादनको क्रममा आयोगले विभिन्न प्रकारका समस्या तथा चुनौतीको सामना गर्नुपरेको छ । समस्या तथा चुनौतीहरूलाई मूलतः नीतिगत र कानुनी, राजनीतिक, संस्थागत र व्यावहारिक गरी चारवटा क्षेत्रमा वर्गीकृत गरिएको छ ।

**(क) कानुनी तथा नीतिगत समस्या :**

सुमन अधिकारी विपक्षी नेपाल सरकारसमेतका मुद्दामा सर्वोच्च अदालतबाट दिएको निर्देशनात्मक आदेशबमोजिम ऐनको संशोधन र परिमार्जन गर्ने विषय,

संक्रमणकालीन न्यायको नवीनतम् अवधारणा (Reformative Transitional Justice) आत्मसात गरी संक्रमणकालीन न्यायको मर्म र भावना प्रतिविम्बित हुने कानुनी संयन्त्रको व्यवस्था

आयोगको सिफारिस कार्यान्वयनका लागि स्पष्ट कानुनी व्यवस्था र आधार तयार गर्नु,

विशेष गरी पीडितहरूको माग र चाहनाअनुरूप परिपूरणका सम्बन्धमा फराकिलो व्यवस्थासहित सम्बोधन गर्नु ।

**(ख) राजनीतिक समझदारी तथा द्वन्द्व व्यवस्थापनमा साझा अवधारणाको अभाव :**

राजनीतिक समझदारी कायम गरी सहयोगको वातावरण निर्माण गर्नु : सत्य निरूपण तथा मेलमिलाप लगायत शान्ति प्रक्रियाका सबै कार्य राजनीतिक सहमतिको आधारमा गरिने उल्लेख भए पनि यो कार्यप्रति राजनीतिक सहमति र समझदारीको अभाव रहनु,

शान्ति प्रक्रिया र संक्रमणकालीन न्याय सम्पादनमा स्थानीय सहभागिता र स्वामित्वभावको अभाव पूर्ति गर्नका लागि आवश्यक कार्यविधि, मापदण्ड बनाई समन्वय गर्ने संयन्त्र विकास गर्नु,

संक्रमणकालीन न्याय सम्पादनको संरचना प्रभावकारी हुन नसक्नु र यसलाई नियमित न्यायिक प्रणाली अन्तर्गत रहने गरी इखभचबिउउष्लन व्गचष्कमब्अतष्यल कायम हुने अवस्था तयार हुँदै जानु,

राजनीतिक द्वन्द्वको भाष्य **(Inclusive Narrative of Political Conflict)** तयार नहुनु र त्यसले सिर्जना गरेका सकारात्मक तथा नकारात्मक पक्षको जानकारी संप्रेक्षणमा कमी देखिनु,

द्वन्द्वपीडितहरूको समस्या राष्ट्रिय समस्या हो । द्वन्द्वपीडितहरू राज्यको जिम्मेवारी हुन् भन्ने मान्यतालाई आत्मसात गरी द्वन्द्वपीडितहरूसँगको सघन छलफल, संवादबाट देशले थेग्न सक्ने समाधानका उपायहरूको खोजीका लागि प्रमुख राजनीतिक शक्तिहरूबीच मतक्यता कायम गर्नु ।

**(ग) कमजोर संगठनात्मक क्षमता :**

आयोगको वर्तमान जनशक्ति र उपलब्ध स्रोत साधनले ६३ हजार ७ सय १८ संख्यामा रहेका उजुरीलाई समयमै फछ्र्यौट गर्न चुनौतीपूर्ण रहेको छ,

आयोगको वर्तमान संगठन संरचनाकै आधारमा छानबिन गर्ने सोच राखिएमा त्यसले धेरै लामो समय लिनेछ,

आयोगमा दक्ष जनशक्ति, बजेट तथा अन्य आवश्यक उपकरण र स्रोत साधनको अभाव हुनु ।

आयोग निश्चित उद्देश्यले स्थापना भएको संस्था भएकाले यसको कार्यावधि पनि सीमित रहने (दफा ३८ (२) बमेजिम २ वर्ष र थप गर्न सकिने १ वर्ष गरी जम्मा ३ वर्ष)

**(घ) व्यावहारिक तथा कार्यान्वयनसम्बन्धी**

संक्रमणकालीन न्याय तथा सत्य अन्वेषणको कार्यलाई शान्ति प्रक्रियाका अन्य कार्यसँगै कार्यान्वयनमा लैजान नसक्नु,

आयोगको अनिश्चित र छोटो पदावधि कारण यो अवधिमा उजुरीको छानबिन गरी टुङ्गोमा पुग्न नसकिनु,

संक्रमणकालीन न्यायको प्रभावकारिताप्रति राज्यका निकाय तथा संयन्त्रहरूले सहयोग नगर्नु र आयोगले प्रभावकारीरूपमा कार्य प्रारम्भ गर्नुअघि नै न्यायालयबाट समेत शङ्काको दृष्टिकोण राखिनु ।

**(ङ) अपेक्षित सहयोग तथा समन्वयको अभाव :**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै पक्षबाट आयोगलाई सकारात्मक सहयोग र समन्वय प्राप्त हुन नसक्नु र समग्र नतिजाको तस्बिर तयार नहुँदै सामान्य प्रक्रियागत

पक्षको आधारमा आयोगको प्रभावकारिता, विश्वसनियता र स्वीकार्यताको मूल्याङ्कन गरिनु,

संक्रमणकालीन न्याय व्यवस्था र फौजदारी न्याय प्रणालीबीच सामञ्जस्यता कायम गर्दै सशस्त्र द्वन्द्वमा घटेका मानव अधिकारको गम्भीर उल्लंघनका घटना छानबिनको कार्य जटिल हुँदै जानु,

ऐन, नियमावलीमा उल्लेखित विधि र प्रक्रियाको अवलम्बन गरी उजुरीमाथि निर्णयमा पुग्नुपर्ने भएका कारण छोटो समयभित्र निर्णयमा पुग्न कठिन हुनेछ ।

**५.६ समीक्षात्मक भनाइ** :

प्रथमतः, संक्रमणकालीन न्याय सम्पादनको प्रमुख संयन्त्र : कानुन हो । कानुनले नै विधि सिद्धात र मोडल तय गर्नेछ । तर नेपालको सन्दर्भमा कस्तो मोडलको कानुन बनाउने भन्ने विषयमा नै अलमल रहेको देखिन्छ । "One size fits all" को अवधारणाले खासै काम गर्न सक्दैन; आफ्नो स्थानीय आवश्यकता अनुसारको कानुन निर्माण हुन नसक्दा नेपालको संक्रमणकालीन न्याय अन्योलमा परेको छ कम्पासविहीन जहाजजस्तो भएको छ, जसले अगाडिको दिशा वा मार्ग पहिल्याउन सकेको छैन ।

दोस्रो, सर्वोच्च अदालतबाट विभिन्न सन्दर्भमा नेपाल सरकारका नाममा जारी भएका निर्देशनात्मक आदेशले पनि स्पष्ट दिशा निर्देश गरेको वा स्पष्ट रेखा खिच्न सकेको अनुभूत गर्न सकिँदैन । नीतिगत सबालमा अमूर्त प्रकारका निर्देशनहरू जारी भएका छन् । यसले स्षष्ट अवधारणा सहितको कानुन निर्माणमा अन्योल सिर्जना गर्न सक्नेछ ।

तेस्रो, संक्रमणकालीन न्यायसम्बन्धी संगठनात्मक संयन्त्र प्रभावकारी हुनै सकेन । खासगरी सत्य निरूपण तथा मेलमिलाप आयोगले ६३ हजारभन्दा बढीको संख्यामा रहेका उजुरीहरूलाई फछ्र्यौट गर्ने रणनीति र कार्ययोजना बनाउनै सकेन । बिनायोजना र बिनारणनीति कुनै पनि कार्य सम्पन्न गर्न सकिँदैन भन्ने मन्त्रलाई आयोगले आत्मसात गर्न नसकेको कुरो हालसम्मको आयोगको कार्य प्रगति र नतिजाले सङ्केत गर्दछ । फलतः पटक-पटक आयोगको म्याद थपिँदै गर्दा पनि आयोगको अधिकांश समय अलमल र अन्योलमा व्यतित भएको छ ।

# भाग- ६

# निष्कर्ष तथा सुझाव

## ६.१ संक्रमणकालीन न्यायका चुनौतीहरू :

संक्रमणकालीन न्यायको ध्येय विगतका द्वन्द्व र अन्यायका कारणको उजागर र सत्यको अन्वेषण गर्नु हो । वर्तमान सन्दर्भमा संक्रमणकालीन न्याय अनिवार्य र आवश्यक सर्त भएको छ । साथसाथै यो विषय जटिल र दुरूह पनि छ । वास्तवमा संक्रमणकालीन न्याय औपचारिक न्यायका मान्यताभन्दा फरक र अलग छ । विगतका हिंसापूर्ण घटना र अवस्थाको विश्लेषण र छानबिन गर्दै वर्तमानको आधार र धरातलमा भविष्यका लागि दिगो शान्ति र स्थिरताको खोजी गर्नु संक्रमणकालीन न्यायको उद्देश्य भएकाले यो प्रक्रिया जटिल र चुनौतीपूर्ण छ ।

संक्रमणकालीन न्याय सत्, असत्को खोजी पनि हो । सत् व्यवहारको प्रवर्द्धन र असत् वा अत्याचारप्रति नैतिक एवं न्यायिक दण्ड सजाय सुनिश्चित गर्ने पद्धति पनि हो । नैतिक मूल्य र मान्यतासमेतका विगतको हिंसाको समीक्षा गर्दै सत् र असत् बीचबाट समाजका सबै पक्षलाई स्वीकार्य हुने मार्गको खोजी वास्तवमै कठिन छ ।

संक्रमणकालीन न्यायका चुनौतीहरू थप गहिरो भएका छन् । किनकि यो अवधारणामा व्यक्ति र समाज स्वयम् नै नैतिकताको कसीमा आफ्नो पुनः मूल्याङ्कनमा सहभागी हुनुपर्नेछ । स्वयंको पुनः मूल्याङ्कन भनेको विगतमा भएका गल्ती र अपराधप्रति पश्चाताप र आत्मसमीक्षा हो, जुन कार्य आफैंमा जटिल छ । अपराधप्रतिको पश्चाताप भनेको मानिस स्वयं नैतिकताको कसीमा परीक्षण हुन तयार हुनु पनि हो । त्यसैले संक्रमणकालीन न्याय प्रणाली सञ्चालन गर्ने कानुन, संरचना र संलग्न अधिकारीहरू यो आयामप्रति सचेत र जिम्मेवार हुनु पर्नेछ । यो अर्को चुनौतीको क्षेत्र हो ।

संक्रमणकालीन न्यायले विगतका अत्याचार र अमानवीय पक्षलाई सम्बोधन गर्दै शान्त र सामञ्जस्य समाजको खोजी गर्न केन्द्रित हुन पर्नेछ । यसो गर्दा विगतको सत्ताले गरेका गलत कार्यको उजागर र त्यसमा संलग्नलाई न्यायको कसीमा परीक्षण गर्नु फलामको चिउरा चपाउनुसरह नै हुनेछ । अन्तर्राष्ट्रिय अनुभवले पनि यो विषयलाई पुष्टि गरेको छ । हाम्रो आफ्नो सन्दर्भमा पनि संक्रमणकालीन न्यायको खोजी थप जटिल बन्दै गएको छ ।

राजनीतिक आवरण, सत्ताको रापताप र राजनीतिको अभिष्टका लागि विद्रोही

पक्षबाट हतियारको बलमा भए गरिएका अपराध र अत्याचारलाई सम्बोधन गर्ने कार्य कुनै एउटा संस्था वा सीमित व्यक्तिहरूको भरमा मात्र सम्भव हुने विषय होइन । राष्ट्रिय राजनीतिक शक्ति अन्तर्राष्ट्रिय समुदाय द्वन्द्वबाट गुज्रेको समाज द्वन्द्वबाट पीडित समुदाय र द्वन्द्वमा संलग्न सबैको सहमति, सहकार्य बिना संक्रमणकालीन न्यायले अपेक्षित नतिजा दिन सक्दैन । यो विषय एउटा संस्थाले निर्णय गर्ने र अर्कोले निसर्त पालना गर्ने जस्तो होइन । प्रक्रियामा सहभागिता प्रक्रियाप्रतिको स्वामित्व र त्यस्तो प्रक्रियाले तय गरेको नतिजाको (निर्णय) सर्वसम्मत स्वीकरण नै संक्रमणकालीन न्यायको सफलता हो । यो पक्ष चुनौती र समस्याले भरिएको छ ।

द्वन्द्व पुनरावृत्त नहुने वातावरण तयार गर्नु संक्रमणकालीन न्यायको अर्को चुनौतीको क्षेत्र हो । यसका लागि बृहत् आधारशीला भएको लोकतान्त्रिक प्रणाली, आर्थिक विकास तथा समृद्धि, राज्यका सबै निकायमा समान सहभागिताको अवसर, कानुनको शासन र न्यायमा सहज पहुँचजस्ता विषयको सुनिश्चितता अपरिहार्य सर्त हो ।

संक्रमणकालीन न्याय द्वन्द्व व्यवस्थापनको विश्वव्यापी अवधारणा भएको छ । विश्वव्यापी अवधारणा भएकाले यससँग सम्बन्धित चुनौतीहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै प्रकृतिका चुनौतीहरू समावेश भएका छन् । छोटकरीका संक्रमणकालीन न्यायका चुनौतीहरूलाई देहायबमोजिम उद्धरण गर्न सकिन्छ :

**(क) सत्यको अन्वेषण र न्यायको अनुभूति :**

द्वन्द्वकालका घटनाहरूको खासगरी मानव अधिकारको गम्भीर उल्लंघनसम्बन्धी अनुसन्धान गरी सत्य तथ्य उजागर गर्ने कार्य ज्यादै जटिल छ । प्रमाणको सङ्कलन र विश्लेषण तथा पीडकको पहिचान गर्ने कार्य चुनौतीपूर्ण छ । पीडित व्यक्तिहरू र साक्षीको सुरक्षाको पक्ष अर्को चुनौतीले भरिएको छ । यी सबै पक्षको सन्तुलनका बीचबाट न्याय र मेलमिलापको वातावरण बनाउने काम आयोगको प्रयासले मात्र सम्भव हुन सक्दैन ।

**(ख) द्वन्द्व पुनरावृत्त नहुने वातावरणको सिर्जना :**

द्वन्द्वका कारणहरूको पहिचान र तिनीहरूको दिगो समाधान खोज्नु अर्को चुनौतीको पक्ष हो । द्वन्द्व सिर्जनाका पछाडि एक वा दुई कारणमात्र जिम्मेवार हुँदैनन् । समाजको बनौट, आर्थिक अवस्था, स्रोत र अवसरको उपलब्धता,

राजनीति शासन प्रणाली, विवाद समाधान गर्ने न्यायालयको अस्तित्व र भूमिका, आदि विषयले द्वन्द्व पुनरावृत्त हुने वा नहुने कुरोका निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । त्यसैले यी पक्षहरूलाई समुचित तवरले सम्बोधन गर्ने द्वन्द्व समाधानको बृहत् र बहुआयामिक अवधारणाको खोजी चुनौतीको अर्को पाटो हो ।

**(ग) संक्रमणकालीन न्याय राष्ट्रिय समस्याको समाधानमा अन्तर्राष्ट्रिय सिद्धान्त एवं मान्यताको समायोजनसमेत भएकाले राष्ट्रिय चुनौती र अन्तर्राष्ट्रिय प्रभावबीचको संयोजन :**

द्वन्द्वको उत्पत्ति र समाधान दुवै सन्दर्भमा अन्तर्राष्ट्रिय चासो र भूमिकालाई कुनै पनि अर्थमा इन्कार गर्न सकिँदैन । द्वन्द्वको उत्पत्तिमा पनि अन्तर्राष्ट्रिय तत्वको प्रत्यक्ष वा परोक्ष प्रभाव रहेको हुन्छ भने त्यसको समाधानमा प्रत्यक्षरूपमा नै सर्तहरू थोपर्ने प्रयास भएका छन् । यो पक्षलाई सरोकारवाला सबैले अवगत र अनुभूति गरेकै विषय हो “Local–global circuit of transitional justice” को रूपमा पनि बुझ्न सकिन्छ । त्यसैले अन्तर्राष्ट्रिय चासो र स्थानीय आवश्यकता बीचको संयोजन पनि द्वन्द्व व्यवस्थापनका लागि चुनौतीको विषय भएको छ । अझ भूराजनीतिको चापले प्रवेश गरेपछि द्वन्द्व व्यवस्थापनको विषय राष्ट्रिय नेतृत्वको नियन्त्रणबाट बाहिर जाने खतरा रहन्छ ।

**(घ)** एउटै उपाय वा तरिका सबै देशका लागि स्वीकार्य बनाउने मान्यता वा सोच द्वन्द्वका कारण र आधार फरक–फरक भएजस्तै समाधानका उपाय अवधारणा पनि फरक–फरक हुनेछन् । तर अन्तर्राष्ट्रिय चासोका कारण र द्वन्द्व व्यवस्थापन स्थानीय क्षमता सीप र ज्ञानको अभावले गर्दा पनि द्वन्द्वमा फसेका देशहरूले अन्य देशको अनुभव र अभ्यासलाई अनुसरण गर्न बाध्य हुन परेको छ । तर कुनै एक देशमा सफल भएको अवधारणा अर्को देशमा सफल नै हुने कुनै ग्यारेन्टी हुँदैन । जस्तै स्पेनले विस्मृतिको अवधारणाबाट संक्रमणकालीन न्यायलाई टुंग्याएको थियो भने दक्षिण अफ्रिकाले मिश्रित पद्धति अवलम्बन गरेको थियो । त्यस्तै कतिपय देशले आममाफीको अवधारणालाई अवलम्बन गरेका छन् भने कतिपयले वर्णसङ्कर अवधारणा । "संक्रमणकालीन न्यायको अवधारणा र समाधानका तरिकामा विरोधाभाष" चुनौतीको सबैभन्दा जटिल र कठिन पक्ष भएको छ ।

## ६.२ निष्कर्ष तथा सुझाव :

**६.२.१ निष्कर्ष** : विगत तीन वर्षको अवधिमा संक्रमणकालीन न्याय अन्तर्राष्ट्रिय एजेन्डा भएको रूपमा विकास र विश्वव्यापीरूपमा विस्तार पनि भएको छ । द्वन्द्वपश्चात्को अवस्थाका समस्याहरू समाधान गर्ने विभिन्न उपायहरूमध्ये संक्रमणकालीन न्यायसम्बन्धी संरचनाको व्यवस्था एउटा प्रमुख पक्षको रूपमा उदाएको छ ।

द्वन्द्वकालीन समयमा भएका मानव अधिकार तथा मानवीय कानुनको उल्लंघन, हत्या, बलात्कारजस्ता घटनाको वास्तविक अवस्थाको ज्ञातका निम्ति (सत्यको अन्वेषण) विकास गरिएका संस्थागतहरू : अन्तर्राष्ट्रिय फौजदारी ट्राइबुनल, वर्णसङ्कर ट्राइबुनल (राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै चरित्र भएका अदालत) अन्तर्राष्ट्रिय फौजदारी अदालत, सत्यतथ्य जान्न पाउने हकको विकास, क्षतिपूर्ति तथा परिपूरण प्राप्तिको अधिकार, सत्य निरूपण तथा मेलमिलाप आयोगको विश्वव्यापी विस्तारण, संक्रमणकालीन न्यायको अध्ययन अनुसन्धान गर्ने प्रद्धति र संक्रमणकालीन न्यायका क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको विकासले संक्रमणकालीन न्यायलाई विश्वव्यापी महत्वको विषयका रूपमा स्थापित गराएको छ ।

संक्रमणकालीन न्यायलाई सर्वस्वीकार्य बनाउन कुनै एक पक्ष वा आयाममा मात्र ध्यान दिएर पुग्दैन । यसका लागि संक्रमणकालीन न्यायसम्बन्धी संरचना, नीति, कानुन तथा संक्रमणकालीन न्यायका उद्देश्यहरूलाई बृहत् र विस्तृत बनाउन आवश्यक हुनेछ । साथै कुनै एक देशको सन्दर्भमा सफल भएको प्रक्रिया नै अन्य देशका लागि पनि उपयुक्त हुन्छ भन्ने मान्यताबाट मुक्त भई स्थानीय आवश्यकता र परिवेश अनुसारको उपाय विकास गर्न समुचित ध्यान दिइनु पर्छ ।

सबैको अधिकारप्रतिको सम्मान र समान अवसरको प्रत्याभूतिले मात्र समाजमा रहेका विभेद र विद्रोही भावनालाई सम्बोधन गर्न सकिनेछ । मानव अधिकारको सम्मान र प्रत्याभूति, कानुनको शासन, लोकतन्त्रको उन्नत अभ्यास, आर्थिक विकास, स्रोत तथा अवसर माथिको समान पहुँच र समन्यायिक वितरणले मात्र द्वन्द्वको दिगो समाधान पहिल्याउन मद्दत गर्नेछ । त्यसैले जिम्मेवार सबैले असमानता र असन्तुष्टिका कारणहरू र तिनको असरलाई सम्बोधन गर्ने उचित उपायहरूको प्रत्याभूति नै दिगो शान्ति र सामाजिक एकताका आधार हुनेछन् ।

### ६.२.२ सुझाव :

संक्रमणकालीन न्यायका सम्बन्धमा अन्तर्राष्ट्रिय ट्राइबुनल, वर्णसङ्कर न्यायालय, विभिन्न देशहरूले गठन गरेका सत्य निरूपण तथा मेलमिलाप आयोगले अवलम्बन गरेका उपायहरू, स्थानीय आवश्यकता, अन्तर्राष्ट्रिय अनुभव र माथि विवेचना गरिएका सामग्रीहरू समेतका संक्रमणकालीन न्यायको अवधारणालाई थप बृहत् र स्वीकार्य बनाउने उपायका रूपमा देहायबमोजिमका सुझावहरू प्रस्तुत गरिएको छ ।

संक्रमणकालीन न्याय औपचारिक न्यायजस्तो जित र हारमा मात्र सीमित नभई विगतमा भएका गलत, अनुचित कार्यहरूको विश्लेषणसहित समाजमा शान्ति, स्थायित्व र मेलमिलाप कायम गर्न केद्रित रहनुपर्ने भएकाले स्थानीय सहभागिता र संलग्नतालाई जोड दिने ।

संक्रमणकालीन न्यायसम्बन्धी कानुन, नीति, रणनीति, पुनःर्स्थापनाका कार्यक्रमहरू स्थानीय आवश्यकताअनुसार तयार गर्ने । अन्तर्राष्ट्रिय अनुभवले पनि स्थानीय आवश्यकता अनुसार तयार भएका नीति र कार्यक्रम नै बढी सफल र प्रभावकारी देखिएका छन् । अन्य देशका कानुन र प्रद्धतिलाई सन्दर्भका रूपमा लिन सकिन्छ, तर हुबहु अनुकरणले नतिजा दिन सक्दैन । त्यसैले स्थानीय माग र स्थानीय आधारलाई नै मुख्य विन्दु बनाउनु पर्नेछ ।

नेपालको सन्दर्भमा भने संक्रमणकालीन न्यायका लागि स्थापित कानुन तथा संस्थागत संरचना दुवैलाई प्रभावकारी बनाउन आवश्यक भएको छ । खासगरी संगठनात्मक पक्षको कमजोरीका कारण नेपालका संक्रमणकालीन न्यायका संयन्त्रहरूले प्रभावकारी काम गर्न नसकेकाले संगठनात्मक पक्षलाई सबल र प्रभावकारी बनाउन विशेष जोड दिनुपर्नेछ ।

**संक्रमणकाल :** कुनै शासन, स्थिति, नियम, आदि दिगो भइनसकेको समय; संक्रमणको अवधि । संक्रमणकालीन न्याय : संक्रमणकालका लागि तय गरिएको न्याय व्यवस्था । यो न्याय व्यवस्था एउटा विन्दुबाट प्रारम्भ भएर अर्को विन्दुमा पुगेर निष्कर्षमा पुग्नेछ ।

# सन्दर्भ सामग्री :


कानुन किताब व्यवस्था समिति : नेपालको अन्तरिम संविधान, २०६३

——————————: नेपालको संविधान (२०७२)

————————: सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

महान्यायाधिवक्ताको कार्यालय : संक्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएका प्रतिनिधि आदेशहरूको संग्रह २०७७

शान्ति तथा पुनर्निमाण मन्त्रालय : नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, समझदारी, घोषणा र निर्णयहरूको सङ्क्लन; असार २०६९

सत्य निरूपण तथा मेलमिलाप आयोग : कार्य फछ्यौट कार्ययोजना २०७८ About the Special Tribunal for Lebanese, https://www.stl-tsl.org/en/about-the-stl/unique-features.

Duthie, Oger: Transitional Justice and Prevention Summary Findings from five countries case studies (ICTJ, June 2021)

Extraordinary Chambers in the Courts of Cambodia, https://www.eccc.gov.kh/en.

Garrett, Stephen A: Models of Transitional Justice - A Comparative Analysis (International Studies Association 2000), https://ciaotest.cc.columbia.edu/isa/gas02/.

International Commission of Jurists: Nepal's Transitional Justice Process,
Challenges and Future Strategy (A Discussion Paper, August 2017), https://www.icj.org.

ICRC: International Review of the Red Cross (Vol.88 No 862, June 2006)

International Justice Resource Center, https://ijrcenter.org/international-criminal-law/icty/.

M.H. Nouwen, Sarah: "Hybrid courts" The hybrid category of a new type of international crimes courts, (Utrecht Law Review, Research Paper, Igitur), https://www.utrechtlawreview.org.

Nagy, Rosemary: Transitional Justice as Critical Project: critical reflections (Third World Quarterly, Vol. 29. No. 2, 2008), https://www.jstor.org/stable/20455040.

Perriello, Tom & Wierda, Marieke: Lessons from the Deployment of International Judges and Prosecutors in Kosovo, (the International Center for Transitional Justice March 2006), https://issat.dcaf.ch/mkd/.

Rome statute of International criminal court, https://legal.un.org/icc/statute/99_corr/cstatute.htm.

Sooka, Yasmin: Dealing with the past and transitional justice: building peace through accountability (Vol 88 No 862 June 2006 International Review of Red Cross), https://www.corteidh.or.cr/tablas/a21925.pdf.

Wikipedia: International Military Tribunal for the Far East, https://en.wikipedia.org/wiki/International_Military_Tribunal_for_the_Far_East.

Wikipedia: Nuremberg principles, https://en.wikipedia.org/wiki/Nuremberg_principles.

Wikipedia: Nurnberg trials, World War II trials, https://www.britannica.com/event/Nurnberg-trials.

Wikipedia: Special Panels for Serious Crimes (East Timor),
https://en.wikipedia.org/wiki/Special_Panels_for_Serious_Crimes_(East_Timor).

प्रकाशक:

**सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल**

हाँडीगाउँ, काठमाडौं

फोन नं: ०१-४५३०११६, फ्याक्स:- ४५३०२०९

इ-मेल: trcbabarmahal@gmail.com | info@trc.gov.np

वेब साइट: www.trc.gov.np